Jana Aakash
National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

वर्ष- १७, अंक- ३१ २०८१ साल चैत्र १२ गते मंगलबार (Mar 25, 2025) www.janaakash.com.np

## सिराहामा दलित बस्तीमा डोजर चलाएर उठिबास, गाउँपालिका अध्यक्षको विरोध”



**बिनोद नेपाली**

काठमाडौं- सिराहाको जिल्लाको औराहि गाउँपालिकामा महायज्ञको कार्यक्रमको लागि एक दलित बस्तीमा डोजर चलाएर दलित बस्ती नै खाली गर्ने लगाईको छ ।

उक्त कार्यक्रमको लागि गाउपालिलका अध्यक्ष शिबजी यादवको ले नै खाली गर्ने आदेश दिएको उक्त पिडित परिवारले जानकारी दिइएका हुन् । पडित परिवारको अहिले बिचल्ली रहेको छ ।

जिल्ला सि.डियो र जिल्ला अधिकारीले हामीलाई कुनै जानकारी बिना बस्तीमा डोजर चलाएको बताएका हुन् गा.पा.अध्यक्षले आफै ले हटाउन लगाएका हुन् ।

अहिले यो पडित परिवारको न्यायको लागि बिभिन्न सामाजिक अभियान्ताहरुले बिरोध प्रर्दशन गरेका छन् । दलितका लागि दलित अभियानका संयोजक खकेन्द्र सुनारले

गाउँपालिका अध्यक्षको पद नै निलम्वन गर्ने माग गरेका छन् । गाउँपालिका अध्यक्ष ले दलित डोम भनेर बोलेका शब्दहरु फिर्ता लिनुपर्छ । भन्ने खकेन्द्र सुनारले बेजोड माग गरेका छन् ।

उनले आज माईतीघर मण्डलामा बिरोध प्रदर्शनमा दलितलाई न्याय दे पिडितको बसोबासको ठेगाना लगा जातिय

» बाकी ६ पृष्ठमा

# लोकतन्त्रलाई बदनाम गर्नेलाई दण्डित गर्नुपर्छः राष्ट्रपति

**मोहन कार्की**

काठमाडौं- राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्र रैती दुनियाँबाट सार्वभौम नागरिक हुन नेपाली जनताले रगतसँग साटेको उपलब्धि भएको बताएका छन् । शासनमा व्यवस्थाकै बदनाम गर्नेलाई दण्डित गर्ने अधिकार नेपाली नागरिकहरुलाई भएको उनले प्रष्ट पारे ।

सोलुखुम्बुको नेचासल्यान गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवन उद्घाटन समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा हरेक नागरिक आफ्नो सार्वभौमसत्ताको आफैं मालिक हुने व्यवस्था भएको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ ।

उनले भने, “शासन व्यवस्थालाई सुदृढ बनाउन र यही व्यवस्थाबाट नेपाली जनताको भाग्य एवं भविष्य सुनिश्चित छ भन्ने महसुस गराउनुपर्ने दायित्व सरकार, राजनीतिक दलगायत हामी सबैको हो ।” उनले स्वतन्त्रता र शासन प्रणाली समयको माग र जनताको चाहना भएको बताउँदै नेपाली जनतालाई आफूले बनाएको संविधान बाहिरका कुनै पनि निरङ्कुशता र अराजकता स्वीकार्य नहुने बताए ।

राष्ट्रपति पौडेलले भने, “इतिहास साक्षी छ कि १०४ वर्षीय जहानीयाँ राणा शासन होस् कि ३० वर्ष पञ्चायत वा सक्रिय राजतन्त्र



नेपाली जनताले कुनै पनि निरङ्कुशताका नाम र अवशेषलाई रुचाएनन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र हामीले त्यसै प्राप्त गरेका होइनौं । यो हजारौंको त्याग, सङ्घर्ष र बलिदानबाट प्राप्त उपलब्धि हो ।”

राष्ट्रपति पौडेलले क्षेत्रमा सभामुख हुँदा पैदलयात्रा गर्दै यस ठाउँमा र पूर्वी पहाडका डाँडाकाँडा पुगेको र जनतासँग साक्षात्कार गरेको स्मरण गरे । उनले भावविह्वल हुँदै नजिकै रहेको टिम्बुरबोटेको ओडारमा रुझ्दै र भिज्दै पुगेको बताए । टिम्बुबोटेको नाम उच्चारण गर्दा राष्ट्रपति पौडेलको गला अवरूद्ध भएको थियो । टिम्बुरबोटे नेपालको प्रजातान्त्रिक आन्दोलनका क्रममा २०४१ सालमा पञ्चायती सरकारले दर्जनभन्दा माथि योद्धाको हत्याको गरेको स्थान हो ।

राष्ट्रपति पौडेलले देशको युवा जनशक्ति विदेश पलायन हुने प्रवृत्ति रोक्न जरुरी रहेको उल्लेख गर्दै यसका लागि उचित शिक्षा, स्वास्थ्यको प्रबन्ध, उद्योगधन्दाको विकास, उत्पादनमा वृद्धि, चुस्तदुरुस्त सेवा प्रवाह, गाउँमै रोजगारी र आम्दानीको व्यवस्थाको लागि जनता केन्द्रित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्नुपर्ने बताए । उनले विगतमा भएका कमजोरीबाट पाठ सिकेर अघि बढ्दै समृद्ध राष्ट्र निर्माणको अभियानमा जुट्न सम्बद्ध सबैलाई आग्रह गरे ।

राष्ट्रपति पौडेलले सङ्घीयता कार्यान्वयनका लागि तीन तहको सरकार मुलुकमा क्रियाशील भएको भन्दै जनताको ठूलो सङ्घर्ष, त्याग र बलिदानले हामीले प्राप्त गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रले सिंहदरबारको अधिकार गाउँगाउँमा पुर्‍याएको बताए । उनले भने, “यसलाई सार्थक बनाउन संविधानको मर्म र भावनाअनुसार जनताको आवश्यकतामा जिम्मेवार ढङ्गले काम गर्न स्थानीय सरकार अझ बढी क्रियाशील हुनुपर्छ भन्ने म ठान्दछु ।” राष्ट्रपतिले धारणा राखेका हुन् ।

## मतदानको समय नै नराखी प्रेस चौतारीको निर्वाचन तालिका सार्वजनिक



काठमाडौं- प्रेस चौतारी नेपालको नेतृत्वका लागि निर्वाचनका कार्यक्रम सार्वजनिक भएको छ । विराटनगरमा जारी १०औं राष्ट्रिय महाधिवेशनका लागि सोमबार दिउँसो १ बजेबाट निर्वाचनका कार्यक्रम तय गरिएको छ ।

होटल मनास्लु ईनमा जारी निर्वाचन प्रक्रियाका लागि निर्वाचन आयोगले जारी गरेको कार्यक्रममा मतदानका लागि समय भने छुट्टाइएको छैन ।

दिउँसो १ बजे मतदाता नामावली प्रकाशन, साढे १ बजे मतदाता नामावली दाबी विरोध, २ बजे दाबी विरोध उपर जाँचबुझ, साढे २ बजे अन्तिम नामावली प्रकाशनको कार्यक्रम तय भएको छ ।

त्यस्तै, पौने तीन बजे अध्यक्षमण्डलसमक्ष मनोनयन दर्ता, ३ बजे उम्मेदवारको नामावली प्रकाशन, ३:१० बजे उम्मेदवारमाथि दाबी विरोध, सवा तीन बजे दाबी विरोध उपर जाँचबुझ र ४ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशनको कार्यक्रम तय भएको छ ।

सवा ४ बजे उम्मेदवारको नाम फिर्ता, ४:२० मा उम्मेदवारको अन्तिम नामावली प्रकाशनको कार्यक्रम तय भएको छ ।

त्यसपछि मतदानको कार्यक्रम नराखी सिधै निर्वाचन परिणाम घोषणाको कार्यक्रम तय भएको निर्वाचन आयोगले जारी गरेको निर्वाचन कार्यक्रममा उल्लेख छ ।

त्यस्तै, मनोनयनका

» बाकी ६ पृष्ठमा

## काठमाडौं मेडिकल कलेज र दुई श्रमिक आपूर्ति कम्पनीलाई २-२ लाख जरिबाना

काठमाडौं- इजाजत नलिई श्रमिक आपूर्ति गर्ने दुई कम्पनी र उक्त कम्पनीबाट कामदार राख्ने काठमाडौं मेडिकल कलेजलाई जरिबाना तिराइएको छ ।


यी तीन कम्पनीलाई २/२ लाख जरिबाना तिराइएको श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले जनाएको छ । श्रम ऐन २०७४ अनुसार श्रमिक आपूर्ति गर्न चाहने कम्पनीले इजाजतपत्र लिनुपर्छ ।

तर, फाल्कन सर्भिसेस प्रालि र कमलपोखरी सर्पोट सर्भिस प्रालिले इजाजत नै नलिई श्रमिक आपूर्ति गर्ने गरेको अनुगमनबाट खुलेको हो । साथै, सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजले यी कम्पनीसँग सम्झौता गरी श्रमिक आपूर्ति गर्ने गरेको समेत अनुगमनमा



देखिएको छ ।

यी तीन कम्पनीलाई जनही २/२ लाखका दरले जरिवाना तिराइएको विभागका प्रवक्ता मणिनाथ गोपले जारी गरेको विज्ञप्तिमा छ ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ३१, २०८१ साल चैत्र १२ गते मंगलबार (MAR 25, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

# विकासको लक्ष्य भेट्न प्रणाली परिवर्तन गरौं ।

नेपाळमा विकास भएन । राजनीतिक पार्टीहरुळे काम गरेनन् । भ्रष्ट्चार गरे यस्तै यस्तै आरोपहरु दिनहु सुनिने शव्दहरु हुन् । तर नेपाळको विकासको प्रणाळी राणाकाळीन समयमा जसरी विकासका बजेट छुट्याइथ्यो त्यसैगरी बजेट छुट्याउने र त्यतिवेळा विकासको आवश्यकताको आधारमा र बजेटको क्षमताको आधारमा हुने गर्दथ्यो भने आजभोळी राजनीतिक पार्टीहरु कुन कनु पार्टीका मन्त्रीहरु मन्त्राळयमा छन् । ठूळो दळको प्रभावशाळी नेताळे भनेका क्षेत्रहरुमा वजेट बढी पार्नेगरी गर्ने अर्थ मन्त्राळयका सचिवहरु योजना आयोगका योजनाकारहरु, बजेट विनियोजित गर्न बनाएको संसदीय समिति ळगायतका पदाधिकारीहरु देखिएता पनि पार्टी, व्याक्ति केन्द्रीत र प्रणाळी पुरानै तरिकाळे देशको विकास बजेट छुट्याउने गरेको देखिन्छ ।

यस्ता कैवरी र सधैभरी एकैनासळे बिनियोजित गरिने वजेटळे नेपाळको विकासमा टेवा दिन सक्दैन र प्रतिफळ भएको देखिदैन । कृषि प्रधान देश भनेर नेपाळमा रटाई रटाई पढाएर किसानको हितमा फिल्डमा नै कार्यक्रम अहिळेसम्म कुनै पनि सरकारळे वा त्यस कृषि मन्त्राळयसँग सम्बन्धित कुनैपनि निकायळे नयाँ आयाम थपेको देखिदैन । मात्र विदेशीळे बनाएका कृषि औजार किन्न कति कमिशन ळिन सकिन्छ र अनुदानमा सेटिङमा काम गर्न सकिन्छ भन्ने छ ।

अर्कोतर्फ नेपाळको कृषि प्रणाळी, बजारको व्यवस्थापन, बसोवासको व्यावस्थापन सही र सहज ढंगवाट नागरिकहरुळाई बसाउने तरिकाहरु अर्थात प्रणाळीको विकास गर्न सकेको छैन । यस्ता विषयहरु कहिल्यै पनि कुनैपनि पार्टीळे सरकारको सचाळन गरेको वेळामा देखिएको छैन ।

बरु गैर सरकारी विद्युत कम्पनीहरुळे विद्युत उत्पादन गरेका क्षेत्रहरुमा मानिसहरुको वसोवास एकीकृत रुपमा हुदा त्यस क्षेत्रमा अटोमेटिक मानिसहरुळे सुविधा भोग गरिरहेका देखिन्छन् । सरकारळे आफै योजना तर्जुमा गर्न नसकेपनि यस्ता अभ्यासमा आएका उदारणहरु देखेर पनि नेपाळको भौगोळिक अवस्थाळाई हेर्दै विकासको प्रणाळी मा सुधार ल्याउनुपर्ने हो । त्यो देखिएको छैन ।

केही केही निर्माणका सुधारहरु चै भएका छन् । जस्तै सिक्टा सिचाई परियोजना, सुनकोशी मरिन सिचाई योजना यि योजनाहरु कृषिका ळागि उपयुक्त छन् । तर सिचाई पुगीसकेपछि त्यस क्षेत्रमा खाद्यन्न उत्पादन गर्ने पकेट क्षेत्र छुट्याउन अहिळे देखिनै गृहकार्य गर्नुपर्ने हो । त्यो काम देखिएको छैन । यस्ता ध्यान नपुगेका विषयहरुमा ध्यान दिदै ळक्ष्य भेटाउने प्रणाळीमा सरकार सम्बन्धित पक्ष ळागेर नेपाळको विकास गर्नुपर्छ ।

# सकारात्मक सोचबाट समृद्ध समाजको निर्माण



**पुष्करराज प्रसाई**

आजकाल हाम्रो समाजमा हरेक विषयलाई नकारात्मक रुपले विश्लेषण गर्ने गरिएको पाइन्छ । यस्तो सोचले मुलुकलाई पछाडि धकेल्नेसिवाय केही गर्दैन ।

त्यसैले यस्तो सोचमा कमी ल्याउने प्रयास गर्नु आजको आवश्यकता हो । यसै आवश्यकतालाई मध्यनजर गर्दै यो आलेख लेखिएको छ । स्ट्यानफोर्ड विश्वविद्यालयको अनुसन्धानका अनुसार हरेक सफलतामा ८८ प्रतिशत सकारात्मक सोच र १२ प्रतिशत शिक्षाले काम गरेको भन्ने ठहर भएको छ ।

त्यस कारण सकारात्मक सोच महत्वपूर्ण मानिएको हो । सकारात्मक सोचले दिमागलाई आशावादी बनाउँछ, जीवनको उज्ज्वल पक्ष देख्छ । सकारात्मक मानसिकता भएकासँग जहिले पनि अधिक आनन्द, खुशी र स्वस्थता रहेको पाइएको छ । यसले तनावको स्तर कम गर्न मद्दत गर्दछ । सकारात्मक परिणामको आशा गरे त्यसले दिने परिणाम पनि सकारात्मक नै हुन्छ भन्ने तथ्य सत्य साबित हुन थालेको छ ।

अहिले केही मानिसले समाजमा सबै बिग्रिएको, भत्किएको, बेथिति र भ्रष्टाचार बढेको, युवाको भविष्य राम्रो नभएको, युवाहरु सबै विदेश गएर देश रित्तिएको र वृद्धाश्रम हुन थालेको आदि निराशाको भाष्य सृजना गरिरहेको पाइन्छ । वास्तवमा यो भाष्य राम्रो होइन । यस्तो भाष्यबाट समाजमा झनै निराशा फैलिई थप समस्या उत्पन्न गर्दछ अर्थात् ताईको माछा मुक्त हुन खोज्दा अगेनोमा परेको जस्तो मात्र हुन्छ ।

समाजले देशलाई बदल्ने नेतृत्व खोजिरहेको पक्कै हो । पुराना दलहरुले समाजमा सकारात्मक सन्देश दिन नसकेको र नयाँ अन्य दलहरुलाई समाजले विश्वास गरिनहालेको अहिलेको अवस्था हो । नेपाल प्राकृतिक स्रोत र साधनले सम्पन्न मुलुक भए तापनि सक्षम नेतृत्व र व्यवस्थापनको अभावले यो अवस्था आएको हो । यदि देशमा सक्षम राजनीतिक नेतृत्व, रोजगार मूलक शिक्षा, प्रत्येक पालिकाहरुमा कृषि शिक्षा, तालिम, देशव्यापीरुपमा उत्पादनमा आधारित उद्योग सञ्चालन गर्ने हो भने देश समृद्ध हुन सम्भव छ ।

यो सम्भावना हामी सबै युवाशक्तिले देख्न सक्नुपर्दछ र यो सम्भावनालाई कसैले नकार्न सक्तैन पनि । मानव जातिको विकाससँगै आजसम्म हेर्दा सबै देशका मानिस एकठाउँबाट अर्को ठाउँ जाने-आउने, विकासका अनुभव साटासाट गर्ने, देख्ने, हेर्ने, सिक्ने गरेको कारण विश्व यो अवस्थामा आइपुगेको हो । कुनै पनि देशका युवा अन्य देशमा जानै हुँदैन, आफ्नै देशमा मात्र बस्नुपर्दछ भन्ने हो भने देशमा नयाँ प्रविधिको विकास हुन सक्तैन ।

हामी युवा विदेश जाने हो तर उतै घरजम गरेर नबसी स्वदेश फर्किएर त्यहाँ सिकेको ज्ञान, सीप, प्रविधिलाई आफ्नो देशमा प्रयोग गर्न सक्नु वर्तमान समाजको चाहना र आवश्यकता हो । विदेश जानु गलत होइन, विदेशमा मात्र युवाको भविष्य छ भन्ने सोच्नुचाहिँ गलत हो । अहिले यस्तै गलत भाष्य निर्माण भइरहेको देखिन्छ । आफ्नो थैलीको मुख बलियो बाँध्नु, अरुलाई दोष नलगाउनु भन्ने नेपाली आहान नै छ ।

हामी हाम्रो अर्थतन्त्र बलियो र स्वाधीन बनाएर परनिर्भरताबाट आत्मनिर्भर बन्ने हो । यस सिलसिलामा केही दीर्घकालीन महत्वका महत्वपूर्ण पुर्वाधार आयोजनाहरु निर्माण हुँदै छन्, केही बनिसकेका पनि छन् । सरकारको जिम्मेवारी बाँडफाँड, जवाफदेहिताको सुनिश्चितता, स्रोत व्यवस्थापन, क्षमता विकास र सुशासनका प्रयास तथा बाह्य क्षेत्र सुधार गर्न चालिएका कदम, मूल्य अभिवृद्धि करलगायत समग्र कर प्रणालीमा गरिएका सुधारका प्रयास अनि सोबाट देखिएका सकारात्मक प्रभावबारे हेर्दा केही सुधार गर्न खोजेकै देखिन्छ ।

तर वर्तमान दैनिक जीवनमा जनताले बेहोर्नंपरेका समस्याहरु, भ्रष्टाचार, घुसखोरी, ढिलासुस्ती, महँगी र यातायातको समस्यामा त्यति ध्यान दिन नसकेको देखिन्छ । जति तीव्र गतिमा विकास निर्माण कार्यान्वयन हुनुपर्ने हो त्यसअनुसार गर्न नसकेको मात्र हो । त्यस्ता विकृति, विसंगति हुनुमा छोटो अवधिको लोकतान्त्रिक, सँघीयताको अभ्यासमा रहेको र सो अनुकूलका ऐन, कानुन, नियम निर्माण र प्रादेशिक संरचना तयार गर्न समय लागेर होला भनी आँकलन गर्न सकिन्छ । अझै कति ऐन, कानुन निर्माण हुन बाँकी नै छ । सरकारी आयोजनाका हरेक कार्य गर्न ऐन, कानुनको आवश्यक पर्ने र सो ऐन, कानुन निर्माण गरी बाटो फुकाउने काममा लाग्दा केही समय विलम्ब भएकै हो । तर अहिले समाजमा केही नै नभएकोचाहिँ होइन र भविष्यमा गर्न सकिने उज्याला सम्भावनाका पक्षहरु मेटिइसकेको अवस्था पनि होइन ।

केही गरेर देखाउनकै लागि आवश्यक पर्ने देशभित्रको आन्तरिक राजनीतिक सहमति र दुई छिमेकी देशसँगको सन्तुलित सम्बन्धलाई बलियो बनाउने काम भइरहेको देखिन्छ । यस प्रक्रियामा राष्ट्रियता बेचेर, लम्पसार परेर होइन, पारस्परिक लाभ, सम्मान र सहअस्तित्वका आधारमा अगाडि बढ्ने प्रयासमा गएको देखिएकै छ । हामी हाम्रा छिमेकी परिवर्तन गर्न सक्तैनौं । असंलग्न पञ्चशीलको सिद्धान्तअन्तर्गत छिमेकीप्रधान कूटनीतिलाई सन्तुलित ढंगले सञ्चालन गर्न सक्नु हाम्रो बुद्धिमानी र बाध्यता हो । यही सम्बन्ध रहेको कारण गाह्रोसाँगुरो परेको बेला चीनले असल छिमेकीपन देखाउँदै आएको र भर्खरै व्यापार पारवहनलगायत विभिन्न सन्धिसम्झौता भइसकेको अवस्था छ ।

केही अघि नेपाल भ्रमणको सम्बोधन भाषणको क्रममा पनि चीन र नेपालबीच कुनै समस्या छैन, बरु मित्रता मात्र छ भनी चीन पक्षबाट आत्मीयता प्रकट भएको थियो । तसर्थ यस्तो विकसित र शक्तिशाली देश चीनले प्रदर्शन गरेको आत्मीयता साँच्चिकै नेपालको लागि एउटा शक्ति र ऊर्जा हामीले प्राप्त गरेकै छौँ । अब हामीले यसै शक्ति र ऊर्जालाई प्रयोग गर्दै रेलमार्ग सम्भाव्य अध्ययन र सुरुङमार्ग निर्माणलगायत गरिएका २० वटा सम्झौताहरुको सफल कार्यान्वयन गराउन सक्नुपर्दछ । सफल कार्यान्वयन गराउने क्रममा हामीले सम्बद्ध ऐन, कानुन, नियम निर्माण गरे पनि स्थानीय नागरिक तहबाट विभिन्न झमेला, मुद्दामामिला उठाई बाधा अवरोध गर्ने परिपाटी देखिने गरेको छ, जसले गर्दा लगानीकर्ताहरु हतोत्साही भई अन्य देशतर्फ आकर्षित हुने अवस्था रहेको छ ।

यसले गर्दा विकास निर्माण सुस्त गतिमा गएको मात्र हो । यस्तो अवस्थाको अन्त्य गर्ने कुरामा स्थानीय नागरिकको महत्वपूर्ण भूमिका रहन्छ नै । यसको लागि सबै तह र तप्कामा रहेका हामी सबै देशभक्त नागरिकले मुलुकप्रतिको बफादारिता प्रकट गर्न र कर्तव्य निर्वाह गर्न चुक्नुहुँदैन । हामीले आजसम्म अधिकार मात्र खोज्यौं तर कर्तव्यतर्फ कहिल्यै ध्यान दिन सकेनौं । जबसम्म प्रत्येक नागरिकले आफ्नो मुलुकप्रतिको जिम्मेवारी महसुस गर्दैनौं वा कर्तव्य निर्वाह गर्दैनौं तबसम्म मुलुक विकास हुन सक्तैन । कुनै पनि मुलुकमा समृद्धि आउन कठोर अनुशासन पालन गर्नै पर्दो रहेछ भन्ने तथ्य चिनियाँ विकासबाट प्रस्ट हुन्छ ।

हामी सबैमा हेक्का रहोस् कि विश्वका हरेक राज्यमा नागरिकका हक र अधिकार मात्र हुँदैनन्, उसबाट राज्य र समुदायले थुप्रै कुराको अपेक्षा पनि गरेको हुन्छ ।

राज्यले संविधानमार्फत जारी गरेका आदेश वा राज्यले कानुनीरुपमा नागरिकबाट अपेक्षा गरिएका व्यवहार र कार्य नै नागरिकका कर्तव्य हुन् । कर्तव्यको सरल अर्थ गर्नै पर्ने कार्य हुन आउँछ । नेपालको संविधानको धारा ४८ मा यससम्बन्धी व्यवस्था गरिएको पाइन्छ । जसअनुसार राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमिकता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नुपर्नेसमेतका संवैधानिक नागरिक कर्तव्य निर्दिष्ट गरिएको छ । तर दुःखद पक्ष, यी संवैधानिक नागरिक कर्तव्य हामी नागरिक तहबाट पनि पूरा भएको देखिँदैन ।

बरु अरुलाई गाली, आलोचना गर्नमा नै समय खर्चिएका हुन्छौं । यसतर्फ हामी सबैले आत्मसमीक्षा गर्नै पर्छ । निर्वाचनका बेला योग्य, सक्षम उम्मेदवारलाई विजय गराउन सकेका छैनौं । गलत राजनीतिक जालझेलमा फसेर अनुचित मतदान गर्न पुगेका हुन्छौं । त्यसै गरी सार्वजनिक साधन र शक्तिको प्रयोग गरी जनतालाई सेवा, सुरक्षा र सुव्यवस्थाको प्रत्याभूति गर्ने राज्यको स्थायी संयन्त्र प्रशासन स्वच्छ, संयमित र विवेकशील गराउन सकेका छैनौं । जनताको लागि खर्चिएको साधन र प्रयोग भएका शक्तिले जनताको आकांक्षालाई सम्बोधन गरिनुपर्दथ्यो । त्यो राज्य पक्षबाट हुन सकिरहेको छैन ।

व्यवहार र कार्यशैलीलाई नैतिक र व्यवस्थित गराउने पक्ष नै आचरण हो । आचरण नै सार्वजनिक व्यवहारलाई सार्वजनिक इच्छाअनुरुप लैजाने माध्यम हो । राज्यको वैध शक्ति र सार्वजनिक कोषको व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी पाएका कर्मचारीको व्यवहार राज्यको आकांक्षा अनुरुपको हुनुपर्दछ तर अहिले हुन सकिरहेको छैन । अब हामी देशबाट भागेर होइन, देशमा नै बसेर सुधार गर्ने कार्यमा एकमत भयौं भने पक्कै पनि सुधार हुन सक्नेछ ।

प्रत्येक देशभक्त नागरिकले स्वार्थहीन, सदाचार, वस्तुपरकता, जवाफदेहिता, खुलापन, इमानदारी र कुशल नेतृत्व गर्न सकेमा मुलुक केही समयभित्रै कायापलट हुने तथ्य सिंगापुर, मलेसिया, दक्षिण कोरिया मात्रै नभएर नजिकैको भारत र हामीभन्दा सानो देश भुटानले समेत पुष्टि गरेका छन् । नेपालको समृद्धिका लागि अति आवश्यक कुरा भनेको सकारात्मक सोच र कठोर अनुशासन नै हो ।

हरेक नागरिकले समाजमा सकारात्मक सोच राखेर हामी गर्न सक्छौं भन्ने दृढ विश्वासका साथ विकास निर्माणमा जुटी राष्ट्रिय सम्पत्तिको संरक्षण गर्न सकेमा समाज समृद्धिमा टेबा पुग्ने निश्चित छ । अतः हामी सबैले सकारात्मक सोच राखेर समाजलाई समृद्ध बनाऔं ।

(लेखक प्रसाई अधिवक्ता हुनुहुन्छ ।)

# गीत संगीतमा भविष्य बनाउदै विजय थापा



*नेपाली गीत संगीत क्षेत्रमा सक्रिय हुँदै आएका गायक विजय थापा उनले लामो समयदेखि गीत संगीत क्षेत्रमा आफ्नो अमूल्य समय बिताउदै आएकाछन् । उनले गायका गीतहरूले नेपाली साँगीतिक क्षेत्रमा इतिहास रचेकाछन् । धादिङमा जन्मेका थापाले आफ्नो कला, गलाको जादुले गीत संगीतमा आफुलाई व्यापक रुपमा परिचित बनाएकाछन् ।*

*लामो समयदेखि साँगीतिक क्षेत्रमा लागेका थापाले थुप्रै गीत बजारमा सार्वजनिक गरेकाछन् । उनले गीत संगीतको विविध विधामा आफ्नो आवाजको जादू प्रस्तुत गरेका छन् ।*

*विजय थापाको आवाजमा एक विशेष जादू छ जसले उनलाई नेपाली संगीतका प्रख्यात गायकमध्ये एक बनाएको छ । उनले आफ्नो करियरमा उनले थुप्रै गीतहरु सार्वजनिक गरेका छन्, जसले श्रोतालाई सधैँ उत्साहित र मोहित बनाइराखेको छ । आफ्नो आवाज र गीत संगीतको विविधता मार्फत उनले थुप्रै विधामा प्रवीणता हासिल गरेका छन् । थापाले थुप्रै गीतहरूको माध्यमबाट नेपाली संगीतको क्षेत्रलाई एक नयाँ आयाम दिएका छन्, र उनका गीतहरु सन्देश र भावनाले भरिपूर्ण छन्, जसले जनमानसमा गहिरो प्रभाव पारेका छन् ।*

*संगीतमा आफ्नो यात्रालाई निरन्तर अघि बढाइरहेका थापा भविष्यमा अझै उत्कृष्ट गीतहरूको निर्माण गर्ने आशा राख्दछन् । उनका गीतहरूले नेपाली संगीतमा नयाँ पहिचान र स्वर उत्पन्न गरेका छन् र उनका शुभचिन्तकहरूले आगामी गीतकाको प्रतिक्षा गरेकाछन् । उनी लोकप्रिय गायकसँग जन आकाश मिडियाको संवददाता बिनोद कार्कीले गरेको कुराकानी यस अंकमा यसरी प्रस्तुत गरिएको छ ।*

**गीत सङ्गीतको भविष्य के छ जस्तो लाग्छ तपाईंलाई ?**

गीत सङ्गीतको भविष्य खासै भन्न सक्ने स्थिति छैन । मेहनत गर्‍यो भने छ । "तर मेहनत गरेकै मान्छे पनि गीत सङ्गीत क्षेत्रमा पछि परेका धेरै उदाहरण छन् ।" कलाकारिता क्षेत्रमा हेर्ने हो भने कहिले गाडी चढेर,रङ्गिन सपनाको सहरमा दौडिएका छन् कोहिलाई हेर्ने हो भने, बिहान बेलुका छाक टार्न सक्ने स्थिति छैन त्यसैले यो क्षेत्रको भविष्य यकिन यस्तो छ भन्न सक्ने स्थिति छैन ।

**तपाईंको साङ्गीतिक बजारमा कति गीत छन् ?**

मेरो साङ्गीतिक बजारमा तिज बटा एलबम र १२, १४ वटा जति गीत छन् आउन लागेको रेकर्ड गर्न बाकी गीत पनि धुप्रैछन् ।

**जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रम कतिको हेर्ने गर्नुहुन्छ ?**

जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रम एकदमै हेर्ने गर्छु मलाई एकदमै मन पर्छ । यो कार्यक्रममा नव प्रतिभा मात्र नभएर गीत सङ्गीत क्षेत्रमा योगदान पुर्‍याएका पुराना कलाकारहरुको पनि आगमन हुन्छ । विशेष गरी नव प्रतिभाहरुको लागि सङ्गीत खबर कार्यक्रम प्रस्तुति देखाउने, मनको कुरा पोख्ने चौतारिको साझा थलो बन्दै गएको छ । भन्दै गायक तथा चर्चित एरेन्जर पूर्ण सम्योजन जन आकाश मिडियासँग बताउँछन् ।

# रामेछाप डायरी

## रामेछापको ओखेनीमा नगरपालिकाको घुम्ति शिविर:सैयौंले लिए सेवा



रामेछापको रामेछाप नगरपालिकाको चालु आ.व.२०८१/०८२ को दोश्रो चौमासिक अवधिमा सम्पादित सेवा प्रवाह र विकास निर्माण कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम आईतवार सम्पन्न भएको छ । वडा नं ६ ओखेनीमा सार्वजनिक सुनुवाइ कार्यक्रम सहित एकिकृत घुम्ति शिविर कार्यक्रम भएको हो ।

घुम्ति शिविरमा स्वास्थ्य, महिला बालबालिका, योजना, कृषी तथा पशुपंछी विकास शाखाको न्युनतम सेवा प्रवाह भएको थियो । शिविरबाट कृषि तर्फ २ सय ७० सेट विभिन्न फलफूल तथा तरकारीको बिउ र मिनि किट वितरण गरिएको नगरपालिकाका सूचना अधिकारी होम बहादुर थापाले जानकारी दिनुभयो ।

पशुपंक्षि तर्फ १ सय ९५ वटा गाई भैंसी,१३ सय ४९ वटा भेडा बाखा,१ सय १२ वटा बंगुर र ११ सय २० वटा कुखुराको लागी कृषकहरुले विभिन्न रोगको औषधि लगेका छन । १३१ जना कृषकले पशु परामर्श सेवा लिएका छन ।

५४ वटा जेष्ठ नागरिक परिचय पत्र वितरण,स्वास्थ्य तर्फ भिडियो ऐक्सरे सेवा २६ जना,स्वास्थ्य परीक्षण १ सय २२ जना,पाठेघरको मुखको परीक्षण ३० जना र १ सय १० जनाले आयुर्वेद उपचार सेवा लिएको सूचना अधिकारी थापाले बताउनुभयो । सबै सेवा गाउँमै पाउँदा ओखेनीबासी खुशी थिए ।

## ८ महिनामा रामेछाप नगरपालिकाको विकास खर्च जम्मा १३ दशमलव ४५ प्रतिशत



रामेछापको रामेछाप नगरपालिकाको विकास खर्च न्यून देखिएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को आठ महिनामा नगरपालिकाले चालु तर्फ ४४ दशमलव ० ९ प्रतिशत र पुँजीगततर्फ १३ दशमलव ४५ प्रतिशत बजेट खर्च गरेको हो ।

नगरपालिकाले चालु आर्थिक वर्षको साउनदेखि फागुन महिनासम्म जम्मा बजेट ७६ करोड ८८ लाख ६९ हजार ५ सय ५१ रहेकोमा २६ करोड ७ लाख ५५ हजार ६ सय ९४ रुपैयाँ अर्थात ३३.९१ प्रतिशत रकम खर्च गरेको हो ।

सो कुरा आईतबार(आज) रामेछाप नगरपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रमा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोला प्रसाद चापागाईले प्रस्तुत गर्नभएको प्रगति प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रमुख प्रशासकिय अधिकृत चापागाईले यो अवधिसम्म चालु तर्फ ५१ करोड ३७ लाख ३ हजार ७ सय २३ रुपैया बजेट रहेकोमा २२ करोड ६४ लाख २३ हजार १ सय ८ रुपैया अर्थात ४४ दशमलव ०९ प्रतिशत बजेट खर्च भएको बताउनुभयो । पुँजीगत तर्फ २५ करोड ५१ लाख ६५ हजार ८ सय २८ रुपैया बजेट रहेकोमा ३ करोड ४३ लाख ३२ हजार ५ सय ८६ रुपैया अर्थात १३ दशमलव ४५ प्रतिशत बजेट खर्च भएको प्रमुख प्रशासकिय अधिकृत चापागाईले बताउनुभयो । यो अवधिसम्म नगरपालिका तथा वडाले विभिन्न शिर्षकमा ७० लाख ७८ हजार राजश्व संकलन गरेको छ ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी नागरीकहरुले प्रश्न,जिज्ञासा सहित सुझाव सल्लाह दिएका थिए । नागरीकले शिक्षा,स्वास्थ्य,कृषि,सडक,पशुपालन र विकास निर्माणका कामहरुसँग सम्बन्धित प्रश्न गरेका थिए । नागरीकहरुले सोधेको प्रश्नको जवाफ नगरपालिकाका प्रमुख लक्ष्मी न्यौपाने,प्रमुख प्रशासकिय अधिकृत भोला प्रसाद चापागाई र सम्बन्धित वडाका वडाअध्यक्षले दिएका थिए ।

उक्त कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष दिपक घिमिरे ,रास्वपाका नेता दुर्गा बहादुर बस्नेत,माओबादी केन्द्रका नेता भिम बहादुर तामाङ,नेकपा एमालेका नगर अध्यक्ष रोशन पाखिन र नेपाली कांग्रेसका नगर सचिव सुशिलहरी बख्रेलले नगरपालिकालाई विभिन्न सुझाव सहितको मन्तव्य राख्नुभयो । उहाँहरुले नगरले गर्ने हरेक कामहरु निस्पक्ष र पार्दर्शी हुनुपर्ने बताउनुभयो ।

हजुरको रेडियोले सहजीकरण गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा रामेछाप नगरपालिका प्रमुख लक्ष्मी न्यौपाने,उपप्रमुख बाल कुमारी कार्की,नगर प्रवक्ता समिर कार्की ,विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधी,विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधी,वडाअध्यक्षहरु,पत्रकार,नगरपालिकाका कर्मचारी,नागरीक लगायतको उपस्थिती रहेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमकै अवसर पारेर स्वास्थ्य,कृषि,पशु,आयुर्वेद र जेष्ठ नागरीक परिचय पत्र वितरण जस्ता विविध सेवाहरु संचालन गरिएको थियो ।

# विद्युत प्राधिकरणमाथि खनिए उद्योगी




काठमाडौं- उद्योगीहरुले नेपाल विद्युत प्राधिकरणमाथि आक्रामकरुपमा प्रस्तुत भएका छन् । नेपाल सिमेन्ट उत्पादक संघ, स्टील उत्पादक संघ र नेपाल धागो उत्पादक संघले आइतबार काठमाडौंमा संयुक्तरुपमा पत्रकार सम्मेलन गरी प्राधिकरणको चर्को आलोचना गरेका हुन् ।

ती तीन व्यावसायिक संस्थाले प्राधिकरणले विना सूचना लोडसेडिङ गरेर उद्योगलाई धराशायी बनाएको आरोप लगाएका छन् । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले डेडिकेटेड र ट्रंक लाइनको महसुल नतिर्ने उद्योगको लाइन काट्दै जाने बताएका कारण पनि तीन संस्थाले एक स्वरमा प्राधिकरणको आलोचना गरेका हुन् ।

उनीहरुले विद्युत दिन नसक्ने भए लोडसेडिङको तालिका सार्वजनिक गर्न माग गरेका छन् ।

'औद्योगिक क्षेत्रमा सधैं लोडसेडिङ भइरहेको छ। तर, नेपाल विद्युत प्राधिकरण किन लोडसेडिङ छैन भन्छ? किन लोडसेडिङको सूचनासहितको तालिका दिँदैन,' उद्योगीले प्रश्न गरे ।

उनीहरुले प्राधिकरणमाथि झुठको खेती गरेको आरोप लगाएका छन् । 'लोडसेडिङ अन्त्यको सूचना यथार्थपरक र सत्य नभई जनमानसको ध्यान आफूप्रति आकर्षित गर्न अथवा झुठो विषयलाई सत्य हो भनी स्थापित गर्न गरिएको एउटा असत्य र झुठको खेती प्रपञ्च मात्र रहेछ,' तीनवटा संघको संयुक्त विज्ञप्तिमा भनिएको छ ।

प्राधिकरणले २०७५ वैशाखमा औद्योगिक क्षेत्रमा पनि लोडसेडिङ अन्त्य भएको घोषणा गरेको थियो । तर, ती संघले भने उद्योगमा २०७५ देखि नै लोडसेडिङ रहेको र अहिले १२ घण्टा विद्युत आपूर्ति बन्द गरिएको बताएका छन् ।

'लोडसेडिङ अन्त्य भयो भनेपछि पनि हरेक वर्ष पुस माघदेखि जेठ अन्त्यसम्म करिब ६ महिना पूरै लोडसेडिङ गरिएको विषय प्रष्ट छ । प्राधिकरण लोडसेडिङ गरेको छ भन्न सक्दैन, भन्दैन, तालिका मार्दा लोडसेडिङ नै छैन भन्ने झुठो र भ्रामक प्रचारबाजीमा लागि रहेको छ । हामी अधिकांश मानिस असत्य विषयलाई सत्य मानिरहेका छौं,' तीन व्यावसायिक संस्थाले भनेका छन् ।

उनीहरुले निर्वाधरुपमा २४ सै घण्टा विद्युत चाहियो भन्दा आफूहरुलाई लखेटिन खोजिएको गुनासो गरे । 'विद्युत आपूर्ति गर्न नसक्ने हो भने औपचारिक रुपमा यी यी फलाना फलाना उद्योगमा हामीले लोडसेडिङ गरेका छौं भनी पब्लिकलाई समेत सूचना गर्न प्राधिकरण लगायत निकाय समक्ष अनुरोध गर्दछौं,' तीनवटा संघले भनेका छन् ।

उनीहरुले प्राधिकरणमाथि १२ घण्टा लोडसेडिङ गरेर उद्योगलाई धराशायी बनाएको आरोप लगाए । उद्योगीले '१२ घण्टा लोडसेडिङले उद्योग व्यवसाय कसरी संचालन गर्न सकिन्छ?' भनी प्रश्न गरेका छन् ।

**शोभाकर न्यौपाने**

स्टील उत्पादक संघका अध्यक्ष शोभाकर न्यौपानेले २४ घन्टामा १४ घन्टाभन्दा धेरै लोडसेडिङको अवस्था रहेको बताए । '२४ घन्टामा १४ घन्टाभन्दा धेरै समय बिजुली आउँदैन । आइरहेको बत्तीको पनि गुणस्तर छैन,' उनले भने ।

उनले कार्टेलिङ गरेर फलामे डण्डीको मूल्य बढाउनुको औचित्य पुष्टि गर्ने प्रसास समेत गरे । 'बिजुली नपाउँदा प्रति केजी १० रुपैयाँ अहिले हामीलाई मार परेको छ । यसैगरी डलरको मूल्य वृद्धिले पनि लागत बढेको छ,' उनले भने, 'प्रति केजी ९८ रुपैयाँ कस्टिङ अहिले डण्डीमा आइरहेको छ । यो घाटा कसरी परिपूर्ति गर्ने? व्यवसायीहरुले यो घाटा बेहोर्न मूल्य बढाउनैपर्छ ।'

स्टील उद्योगीले डण्डीको मूल्य फागुन २५ गतेयता १२ दिनमा प्रति किलो १० रुपैयाँ बढाएका छन् ।

सिमेन्ट उद्योगी ध्रुव थापाले लोडसेडिङका कारण सिमेन्ट उद्योग ५० प्रतिशतभन्दा कम क्षमतामा चल्न बाध्य भएको बताए ।

**ध्रुव थापा**

'साउनमा माग नहुने भएका कारण क्षमताको २० प्रतिशत मात्रै उत्पादन हुन्छ । साउनमा बत्ती भएको बेला उत्पादन गरेर राखौं भन्न पनि स्टोरेज क्षमता हामीसँग छैन । अहिले माग छ तर बिजुली नभएकाले आधा क्षमतामा चलाउनुपरेको छ,' थापाले भने, '१२ घन्टा मात्रै बत्ती दिएर उद्योग चल्न सक्दैन । एक मिनेट बत्ती गयो भने ४५ मिनेटको उत्पादन घाटा हुन्छ । यसरी लोडसेडिङ गरेर उद्योगलाई संकटमा पार्ने काम नगरौं ।'

उद्योगीहरुले डेडिकेटेड र ट्रंक लाइनको महसुल विवादमा प्राधिकरणले लाल आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनमा असहयोग गरेको आरोप लगाएका छन् । 'प्राधिकरण किन लाल आयोगको प्रतिवेदन कार्यान्वयनमा सहयोग गर्दैन? समाधान गर्न चाहँदैन?,' उनीहरुले प्रश्न गरेका छन् ।

**रघुनन्दन मारु**

नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष रघुनन्दन मारुले प्रमाण दिएको अवस्थामा बक्यौता तिर्नका लागि आफूहरु तयार रहेको बताए ।

नेपाल धागो उत्पादक संघ शशीकान्त अग्रवालले लोडसेडिङले उद्योगको उत्पादनमा ठूलो समस्या भएको बताए । 'लोडसेडिङ गर्ने विषयमा पनि बक्यौता तिर्ने र नतिर्नेलाई छुट्याइएको छ,' उनले भने ।

# कैलालीको जंगल क्षेत्रमा बसिरहेका विदेशी नागरिक फर्किन अटेर

काठमाडौं- कैलालीको घोडाघोडी नगरपालिका-९, स्थित सिमली जङ्गलमा गैरकानुनी रुपमा बसिरहेका विदेशी नागरिकहरुलाई २४ घण्टाभित्र फर्किन स्थानीय प्रशासनले निर्देशन दिए पनि उनीहरुले अटेर गरेका छन् ।

दुई हप्ता अगाडिदेखि सामूहिक रुपमा बस्दै आएकाहरुमध्ये केही फर्किए पनि अझै करिब ६० जना त्यहीं बसिरहेका छन् ।

प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले गत बिहीबार उनीहरुलाई भेटेर २४ घण्टाभित्र जंगल छाड्न निर्देशन दिएका थिए । निर्देशनपछि केही फर्किएका र केही अझै त्यहीं बसिरहेका प्रजिअ हमालले बताए । 'अझै करिब ६०-७० जना बाँकी छन्, उनीहरु पनि बिस्तारै फर्किने क्रममा छन्,' प्रजिअ हमालले भने, 'आज-भोलिमै फर्किन्छन् होला ।'

उनीहरु पर्यटक भिसामा नेपाल आएका थिए । प्रमुख जिल्ला अधिकारी हमालका अनुसार त्यहाँ भारत, अमेरिका, चीन, जापान लगायत ३८ देशका एक सय बढी नागरिकहरु छन् । उनीहरू त्यहाँ अर्धनग्न भएर बस्ने, खानपान, नाचगान गर्ने लगायतका गतिविधि गर्दै आएका छन् ।

विदेशी नागरिकहरु जंगल क्षेत्रमा बसेर 'अस्वाभाविक' गतिविधि गर्दै आएको सूचना पाएपछि गत बिहीबार प्रमुख जिल्ला अधिकारी हमाल उनीहरु बसेको ठाउँमै पुगेर २४ घण्टाभित्र जंगल छाड्न भनेका थिए । तर उनीहरुले निर्देशन अटेर गरेका छन् ।


उनीहरु फर्किन अटेर गरे पनि बसिरहेको स्थानमा जंगल, समुदाय कसैलाई पनि प्रत्यक्ष क्षति नपुर्‍याएको भन्दै स्थानीय प्रशासनले बल पनि प्रयोग गरेको छैन । तर निगरानी भने बढाइएको प्रमुख जिल्ला अधिकारी हमालले बताए ।

उनीहरुले प्रकृतिमा रमाउन विभिन्न देशमा घुम्ने गरेको र त्यहीक्रममा नेपाल आएको बताएका छन् । उनीहरुले आफूलाई 'रेन्बो फेमिली ग्यादरिङ' समूहका सदस्य भएको 'नेचर लभर' भएको बताएका छन् ।

विकीपीडियाका अनुसार रेन्बो फ्यामिली एक स्वतन्त्र, प्राकृतिक जीवनशैली अपनाउने र शान्तिको पक्षमा उभिने समुदाय हो । उनीहरुले स्वतन्त्र, नियमविहीन, पैसारहित र समुदायमैत्री जीवनशैली अपनाउने गरेका छन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३१, २०८१ साल चैत्र १२ गते मंगलबार (MAR 25, 2025)

# सामसङ नेपालको नयाँ ग्यालेक्सी एर्५६ ५जी छन् स्मार्टफोनको पहिलो पटक प्रि-अर्डर घोषणा




काठमाडौं- नेपाल - सामसङ नेपालले पहिलो पटक आफ्नो नयाँ ग्यालेक्सी एर्५६ ५जी छन् स्मार्टफोनको प्रि-अर्डर घोषणा गरेको छ । आगामी २१ मार्चदेखि २४ मार्च २०२५ सम्म (वा स्टक रहुञ्जेल), उपभोक्ताहरूले नयाँ ग्यालेक्सी एर्५६ ५जी छन् प्रि-अर्डर गरी विशेष अफरहरूको लाभ उठाउन सक्नुहुनेछ ।

ग्यालेक्सी A56 छन् ले पहिलो पटक७३३९;Awesome Intelligence७३३९; सहितको AI अनुभव ल्याएको छ ।

इलभ UI ७ द्वारा सञ्चालित यस डिभाइसले सहज र शक्तिशाली AI टुलहरू प्रदान गर्दै खोजी र भिजुअल अनुभवलाई नयाँ उचाइमा पुऱ्याएको छ । साथै, यसको उच्चस्तरीय क्यामेरा प्रविधि, टिकाउपन र उन्नत सुरक्षा विशेषताहरूले प्रयोगकर्तालाई सुरक्षित, भरपर्दो र रमाइलो मोबाइल अनुभव सुनिश्चित गर्दछ ।

# ग्लोबल आइएमई बैंकद्वारा दशकौं पुराना नेपाली जीवनशैली झल्काउने दुर्लभ तस्वीर सार्वजनिक




काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडद्वारा दशकौं पुराना नेपाली जीवनशैली झल्काउने दुर्लभ तस्वीरहरु समावेश नयाँ वर्ष २०८२ सालको क्यालेन्डर सार्वजनिक गरेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंकको कर्पोरेट कार्यालय, कमलादीमा आयोजित एक समारोहबिच नयाँ वर्ष २०८२ को क्यालेन्डर सार्वजनिक गर्नुभएको हो ।

क्यालेण्डरमा दशकौं अघिका नेपाली जीवनशैली, रहनसहन र परम्परागत अभ्यासलाई कैद गरिएका दुर्लभ तस्वीरहरु समावेश गरिएको छ ।

तस्वीरहरुले समयको प्रवाहसँगै परिवर्तन भएका जीवनशैली र रहनसहनको स्मरण गराउँदै नयाँ पुस्ताहरुलाई विगतको जीवनशैली, रहनसहन तथा अवस्थाका बारेमा जानकारी गराउन सहयोग पुग्नेछ ।

क्यालेन्डर सार्वजनिक गर्दै अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वलाई पूरा गर्दै विभिन्न सामाजिक कार्यहरु गर्दै आएको बताउनु भयो ।

विगतका वर्षहरुमा क्यालेण्डरमा नेपाली कला र संस्कृतिसम्बन्धी विषयहरु प्रकाशन गर्ने गरेको स्मरण गराउँदै उहाँले भन्नुभयो, 'नेपालको सर्वांगिण विकासका लागि हामीले नेपाली कला, साहित्य, संस्कृति र सभ्यतालाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक छ । ग्लोबल आइएमई बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता कार्यहरुलाई निरन्तरता दिँदै आएको छ ।'

कार्यक्रममा बैंकको सञ्चालक समिति, उच्च व्यवस्थापनलगायत बैंकका कर्मचारी तथा विभिन्न व्यक्तिहरुको उपस्थिति रहेको थियो । ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो तथा वित्तीय सूचक अनुसार मुलुककै सबैभन्दा ठुलो वाणिज्य बैंक हो ।

बैंकले देशका ७७ वटै जिल्ला तथा तीन अन्तर्राष्ट्रिय सम्पर्क वैदेशिक प्रतिनिधि कार्यालय सहित १,१०० भन्दा बढी सेवा केन्द्रबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ५० लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

# "महालक्ष्मी विकास बैंकद्धारा "नेपाल दसैं अभियान २०२४" को विजेताहरु घोषणा

काठमाडौं- महालक्ष्मी विकास बैंकद्धारा डिजिटल बैंकिङ्गको प्रवर्धन तथा डिजिटल भुक्तानीको प्रयोगलाई प्रोत्साहन गर्ने उद्धेश्य अनुरुप सञ्चालन गरेको " नेपाल दसैं अभियान २०२४" को विजेताहरु घोषणा गरेको छ ।

नेपालीहरुको महान चाँड दसैंमा हुने आर्थिक कारोबारलाई डिजिटल भुक्तानीको माध्यमहरुबाट कारोबार गराउने तथा उपलब्ध डिजिटल भुक्तानीका माध्यमहरुको अधिकतम प्रयोग होस् भन्ने उद्धेश्य अनुरुप सञ्चालन गरिएको अभियान अन्तर्गत महालक्ष्मी भिसा कार्ड मार्फत कारोबार गरेका विजेताहरु घोषणा गरिएको हो ।

**विजेतहरु क्रमश :**

नारायण कार्की र सन्तोष ध्वज कार्की रहनुभएको छ । यस अन्तर्गत विजेताहरुहरुले माल्दिभ्सको बाली वा श्रीलंकाको कोलम्बो मध्ये कुनै एक स्थानको विशेष भ्रमण गर्ने अवसर प्राप्त गर्नेछन् ।

नेपालभर बाट उक्त अभियानमा ग्राहकहरुको उल्लेख्य सहभागिता रहेको थियो । यस किसिमको अभियान बाट ग्राहकहरुको नविनतम भुक्तानीका माध्यमहरुको प्रयोग गर्ने चाहानालाई थप अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

महालक्ष्मी विकास बैंक यस अभियानमा जोडिनुभएका तथा विजेता बन्न सफल हुनुभएका प्रयोगकर्ताहरुलाई समग्र बैंकको तर्फबाट हार्दिक आभार तथा बधाई ज्ञापन गर्दछ ।




बैंकले हालै ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको निति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै "महालक्ष्मी स्मार्ट साथी" सञ्चालनमा ल्याएको छ ।

# श्री केश बन्यो औषधि व्यवस्था विभागमा सूचीकृत हुने पहिलो हेयर ओएल

काठमाडौं- श्री केश जडीबुटी आयुर्वेदिक हेयर ओएल औषधि व्यवस्था विभागमा सूचीकृत भएको छ ।

सप्तऋषि ओएल एन्ड कस्मेटिक इन्डस्ट्रीद्वारा उत्पादित श्री केश जडीबुटी आयुर्वेदिक हेयर ओएल आधिकारिक रुपमा औषधि व्यवस्था विभागमा सूचीकृत भएको हो ।

श्री केश जडीबुटी आयुर्वेदिक हेयर ओएलले विभागमा आवश्यक सर्त पुरा गरेर सूचिकृत हुनका लागि निवेदन दिएको थियो । उक्त निवेदनलाई आयोगको फागुन २५ गते बसेको बैठकले आयोगमा दर्ता गरेको हो ।

यो सँगै श्री केश जडीबुटी आयुर्वेदिक हेयर ओएल औषधी व्यवस्थापन विभागमा दर्ता हुने पहिलो हेयर ओएल बनेको छ ।

२०८१ असार २३ गतेको विभागीय निर्णयअनुसार गत साउन १७ गते औषधि व्यवस्था विभागले जडीबुटीजन्य सुगन्धित तेलहरूको खाने र बाह्य प्रयोगको लागि प्रचलनमा रहेका उत्पादनहरूको सूचिकृत हुनका लागि सूचना जारी गरेको थियो । सोही अनुसार श्री केश जडीबुटी आयुर्वेदिक हेयर ओएल विभागमा सूचिकृत भएको हो ।

श्री केश जडीबुटी आयुर्वेदिक हेयर ओएल मात्रै होइन, अब नेपालमा बनेका जडीबुटीजन्य सुगन्धित तेलहरूको खाने र बाह्य प्रयोगका लागि प्रचलनमा रहेका उत्पादनहरू अनिवार्य रुपमा औषधि व्यवस्था विभागमा दर्ता हुनु पर्नेछ ।

विभागमा दर्ता हुन आउने कुनै पनि जडीबुटीजन्य सुगन्धित तेलहरूले उत्पादन गर्ने वस्तुको फर्मला वा कम्पोजिसनको आधार पेस गर्नुपर्ने विभागले मापदण्ड तोकेको छ ।

यसका साथै मूल्य घोषणा पेस गर्नुपर्ने र उत्पादनले जनस्वास्थ्यमा हानी, नोक्सानी नहुने प्रत्याभूति सहितको कबुलियतनामा पेस गर्नु पर्ने लगायतका न्यूनतम मापदण्डहरू पनि पुरा गर्नुपर्ने विभागले जनाएको छ ।

बजारमा विना मापदण्डका जडीबुटीजन्य सुगन्धित तेलहरू भन्दै बिक्री वितरण गरेपछि सरकारले यसको नियमन र नियन्त्रणका लागि मापदण्ड नै बनाएको हो । विभागले अव्यवस्थित बजारलाई व्यवस्थापन र गुणस्तरीय बनाउने प्रतिबद्धता जनाएको छ ।

नेपालमा पछिल्लो केही वर्षदेखि सप्तऋषि ओएल एन्ड कस्मेटिक इन्डस्ट्रीले विभिन्न आयुर्वेदिक सामाग्रीहरू उत्पादन गरिरहेको छ । मानव स्वास्थ्यमा हानी नपुग्ने जडीबुटीजन्य उत्पादनलाई यस कम्पनीले प्राथमिकता दिएको छ ।




छोटो समयमै देश विदेशमा श्री केशले आफ्नो ब्रान्ड स्थापित गराइसकेको छ । नेपालमा मात्रै नभएर विदेशमा पनि सप्तऋषि ओएल एन्ड कस्मेटिक इन्डस्ट्रीले उत्पादन गरेको श्री केश हेयर ओएलको माग बढ्दो छ ।

नेपालमै आफ्नो कम्पनी स्थापना गरेर नेपालकै जडीबुटीको प्रयोग गरेर बनाइएको श्री केश हेयर ओएल र सप्तऋषि ओएल एन्ड कस्मेटिक इन्डस्ट्रीद्वारा उत्पादित विभिन्न उत्पादनहरु सेवाग्राहीको पहिलो रोजाइमा पर्ने गरेका छन् ।

यति मात्रै होइन, सप्तऋषि ओएल एन्ड कस्मेटिक इन्डस्ट्रीले नेपालमा आफ्नो कम्पनी विस्तार सँगै आफै उद्योग सञ्चालनमा ल्याएर सयौँलाई रोजगारी समेत दिएको छ ।

# १.२० अर्ब लगानीमा उपायले वेयरहाउस बनाउँदै

काठमाडौं- लजिस्टिक कम्पनी उपायले १ अर्ब २० करोड रुपैयाँ लगानीमा साँगामा थर्ड पार्टी लजिस्टिक्स वेयरहाउस निर्माण गर्ने भएको छ । नेपाल प्रहरी स्कुल नजिकै कम्पनीले आफ्नै १८ रोपनी जग्गामा वेयरहाउस निर्माण गर्न लागेको हो ।

आगामी महिनाबाट निर्माण सुरु गरेर सन् २०२६ को अन्त्यसम्ममा काम सक्ने लक्ष्य कम्पनीले राखेको छ । कम्पनीले वेयरहाउस निर्माणका लागि सिटिजन्स बैंक इन्टरनेसनलको नेतृत्वमा माछापुच्छ्रे बैंकको सहभागितासहित ९५ करोड रुपैयाँको कन्सोर्टियम ऋण व्यवस्थापन गरेको छ । जसको फाइनान्सियल क्लोजर गरिएको छ ।




वेयरहाउस परियोजनामा डोल्मा इम्प्याक्ट फण्ड-२ तथा अन्य लगानीकर्ताले पनि पुँजी लगानी गर्दैछन् । कार्यक्रममा कन्सोर्टियम ऋणको अगुवाईकर्ता सिटिजन्स बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले नेपालमा वेयरहाउस इन्फ्रास्ट्रक्चरको अपार सम्भावना रहेको बताए ।

'यो परियोजना नेपालको पूर्वाधार क्षेत्रको विकासका लागि महत्त्वपूर्ण आधार बन्नेछ,' पोखरेलले भने ।

उपायले निर्माण गर्न लागेको वेयरहाउसले विभिन्न प्रकारका वस्तुजस्तै- फास्ट मुभिङ कन्ज्युमर गुड्स (एफएमसीजी), फास्ट मुभिङ कन्ज्युमर ड्युरेबल्स (एफएमसीडी), ई-कमर्स, क्विक कमर्स, खुद्रा चेन स्टोर, लुगाफाटा/जुत्ता/सौन्दर्य सामग्री, इलेक्ट्रोनिक्स तथा अटो पार्ट्सको इन्भेन्टरी व्यवस्थापन गर्नेछ ।

प्रस्तावित वेयरहाउसको ग्राउन्ड कभरेज ४५ हजार वर्गफिट हुनेछ । कुल भण्डारण क्षमता १ लाख वर्गफिटभन्दा बढी रहने कम्पनीले जनाएको छ ।

उपायको वेयरहाउस अत्याधुनिक पूर्वाधारयुक्त हुनेछ । जसमा ग्रेड ए प्री-इन्जिनियर्ड बिल्डिङ स्टिल संरचना प्रयोग गरिने बताइएको छ । जसले भूकम्पबाट हुने क्षति न्यूनीकरण समेत गर्नेछ ।

साथै, यसमा हाई डेन्सिटी र्‍याकिङ र मल्टी टायर सेल्भिङसहित ग्राहकको आवश्यकताअनुसार डिजाइन गर्न मिल्ने 'बिल्ट-टू-सुट' सुविधा उपलब्ध गराइने कम्पनीले जनाएको छ ।

यो वेयरहाउस भारतीय कम्पनी कोरस्पेस डिजाइन एलएलपीले डिजाइन गर्दैछ । संरचना वातावरणमैत्री तरिकाले निर्माण गरिने भन्दै कम्पनीले त्यसका लागि फोहोर व्यवस्थापन र वर्षाको पानी संकलन प्रणाली समेटेर निर्माण गरिने जनाएको छ ।

उपायका सह-संस्थापक तथा निर्देशक रन्जिव श्रेष्ठले आवश्यक पूर्वाधारको अपर्याप्तता तथा उचित व्यवस्थापनको कमीले नेपालमा लजिस्टिकको लागत अर्थतन्त्रको करिब २० प्रतिशत रहेको जानकारी दिए ।

'उपाय वेयर हाउजिङ प्रविधिको माध्यमद्वारा सक्षम पूर्वाधार कम्पनीका रूपमा अघि बढ्नेछ । हामी अन्य सहरहरूमा पनि यस्ता वेयरहाउसहरू निर्माण गर्ने योजना बनाइरहेका छौं । जसबाट हामी दक्षता, प्रविधि र पूर्वाधारमार्फत लजिस्टिक लागत घटाउन सकिन्छ भन्ने बाटो देखाउन र नेतृत्व गर्न चाहन्छौं,' श्रेष्ठले भने ।

यस्तै, माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले हाल बैंकिङ क्षेत्रमा लगानीयोग्य रकम प्रशस्त भएतापनि लगानीयोग्य परियोजनाहरू सीमित रहेका कारण चुनौतीहरू रहेको उल्लेख गर्दै यस्ता नवीनतम अवधारणाले समग्र राष्ट्रको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

उपायका सह-संस्थापक तथा प्रबन्ध निर्देशक सुमन रायमाझीले वेयरहाउसले ग्राहकलाई भण्डारण तथा इन्भेन्टरी व्यवस्थापनको जिम्मेवारी पूर्णरूपमा उपायलाई हस्तान्तरण गरी आफ्नै मुख्य व्यवसायमा ध्यान केन्द्रित गर्दै व्यवसाय विस्तारलाई सहज बनाउने बताए ।

# राष्ट्र बैंकले बजारबाट २० अर्ब रुपैयाँ उठाउँदै, बैंक तथा वित्तीय संस्थासँग माग्यो प्रस्ताव

काठमाडौं- नेपाल राष्ट्र बैंकले तरलता व्यवस्थापनका लागि बजारबाट आइतबार २० अर्ब रुपैयाँ उठाउन लागेको छ ।

राष्ट्र बैंकले बोलकबोलमार्फत २० अर्ब रुपैयाँ निक्षेप २१ दिनका लागि उठाउन लागेको हो ।

यसका लागि राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुसँग प्रस्ताव मागेको छ । आइतबार मध्यान्न ३ बजे अनलाइनमार्फत बोलकबोल हुनेछ ।

राष्ट्र बैंकले साँवा तथा ब्याज चैत ३१ गते भुक्तानी गर्नेछ । राष्ट्र बैंकले निक्षेप संकलन उपकरणमार्फत खिचेको १ खर्ब ४४ अर्ब ४० लाख रुपैयाँ परिपक्व हुन बाँकी छ ।



# खेलकुद

## प्रधानमन्त्री कप : रिजनको ५ विकेटमा बागमतीको सहज जित



दाङ- लेफ्ट आर्म पेस बलर रिजन ढकाल र स्पिनर सूर्य तामाङ चम्किएपछि लमहीमा जारी प्रधानमन्त्री कप एकदिवसीय पुरुष क्रिकेट प्रतियोगितामा सोमबार बागमती प्रदेशले कर्णाली प्रदेशविरुद्ध ९ विकेटको सहज जित निकालेको छ ।

कर्णालीले दिएको ५९ रनको सामान्य लक्ष्य गण्डकी प्रदेशले ६ दशमलव ३ ओभरमा २६१ बल अगावै ९ विकेटको जित हासिल गऱ्यो ।

आशुतोष घिरैया २० बलमा ४ चौकासहित १९ रनमा र शुभ कंशाकारले ९ बलमा १ छक्का र २ चौकासहित १६ रनमा अविजित रहँदै जित दिलाए । ईशान पाण्डेले ११ बलमा १ छक्का र २ चौकासहित २२ रन जोडे । बलिङमा कर्णालीका दीपेन्द्र रावतले १ विकेट लिए ।

टस जितेर पहिले ब्याटिङ गरेको कर्णालीका खेलाडी रिजन ढकाल र सूर्य तामाङको बलमा लगातार पेभेलियन फर्किएपछि १९ दशमलव १ ओभरमा अलआउट हुँदै ५८ रनमा समेटिएको थियो ।

सुनिल धमलाले १५ रन जोड्नुबाहेक अरु खेलाडी सस्तैमा समेटिए । रवीन्द्र शाही ८ रन, विपीन शाही २ रन, राज शाह २ रन, दीपेन्द्र रावत ५ रन, अर्जन घर्ती ५ रन, दिनेश रावत ५ रन, दिनेश अधिकारी ४ रन, प्रकाश जैशी ४ रनमा आउट भए ।

रिजन ढकालले ८ दशमलव १ ओभरमा १ मेडनसहित १९ रन खर्चेर ५ विकेट लिए ।

सूर्य तामाङले ७ ओभरमा २ मेडनसहित १७ रन दिएर ४ विकेट लिए । गण्डकीलाई सहज जित दिलाउने आधार तयार गरी ५ विकेट लिएका रिजन प्लेयर अफ द म्याच भए ।

दाङमा पहिलो पटक आयोजना गरिएको पिएम पुरुष क्रिकेट प्रतियोगितामा कर्णालीविरुद्ध सहज जित निकाल्दै बागती कुल ८ अंकका साथ चौथो स्थानमा उक्लिएको छ । कर्णाली प्रदेश भने यो हारसँगै पाँचौं स्थानमा झरेको छ ।

## किशनको शतकमा हैदराबाद विजयी

काठमाडौं- इशान किशनको नटआउट शतकमा सनराइजर्स हैदराबादले आइतबार इन्डियन प्रिमियर लिग (आईपीएल) २०२५ को खेलमा राजस्थान रोयल्सलाई ४४ रनले पराजित गरेको छ ।



किसनले ४७ बलमा १ सय ६ रन बनाए र हैदराबाद आफ्नो पहिलो खेलमा ६ विकेट गुमाएर २ सय ८६ रनको लक्ष्य तयार पार्न सफल रहेको थियो ।

प्ष्कजबल'क अभलतगचथ धष्लक ज्थमभचबदबमजवाफमा राजस्थानले ६ विकेट गुमाएर २ सय ४२ रन मात्र बनाउन सक्यो । किसनले आक्रामक इनिङ्समा ११ चौका र ६ छक्का प्रहार गर्न सफल रहे । मुम्बई इन्डियन्स छाडेर हैदराबाद आएयता पहिलो खेलमै उनी आफ्नो पहिलो आईपीएल शतक बनाउन सफल रहे । राजस्थानका लागि अस्ट्रेलियाली ओपनर ट्रेभिस हेडले पनि ३१ बलमा ६७ रन बनाए । उनको ब्याटबाट भने ९ चौका र ३ छक्का निस्केको थियो ।

राजस्थानका लागि कसैले पनि निर्णायक सावित इनिङ्स खेल्न सकेनन् । ओपनर तथा कप्तान सन्जु सामसनले ६६ रन बनाए । उनले ३७ बलमा सात चौका र चार छक्का प्रहार गरे । यस्तै ध्रॅव जुरेलले ३५ बलमा ७० रन बनाए । त्यसमा भने ५ चौका र ६ छक्का सामेल थियो ।

## शिवशंकर हत्या प्रकरण : श्रीमती पक्राउ, मोटरसाइकलमा लैजाने व्यक्तिको पहिचान

काठमाडौं- धनुषाका शिवशंकर महतो हत्या प्रकरणमा प्रहरीले उनकै श्रीमतीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी सन्तुलाल जयसवारले शिवशंकरकी श्रीमती सिर्जनालाई पक्राउ गरिएको बताए ।

'हामीले हिजै सिर्जनालाई पक्राउ गरेर अनुसन्धान अघि बढाएका छौं । आज म्याद थप गर्ने प्रक्रियामा छौं,' उनले अनलाइनखबरसँग भने ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-८ दिगम्बरपुर बस्ने २५ वर्षीय शिवशंकरको हत्या भएपछि प्रहरीले श्रीमतीलाई समेत आशंका गर्दै अनुसन्धान अघि बढाएको थियो ।

मोटरसाइकलमा लैजाने व्यक्तिको समेत पहिचान भइसकेको जयसवारले बताए ।

शिवशंकरको शव महोत्तरीको गौशाला नगरपालिका-८ सागरनाथ वनमास्थित रेल्व ट्र्याकबाट करिब १०० मिटर दक्षिणतर्फ फेला परेको थियो । शुक्रबार साँझ ५:३० बजे शव भेटिएको थियो ।

उनका अनुसार शवको प्रकृति हेर्दा गर्धनमा धारिलो हतियार प्रहार गरी हत्या गरेको देखिएको छ । हत्यापछि घिसारेर केही पर लैजान खोजेकोजस्तो समेत देखिएको छ । शवको आइतबार सनाखत भएको थियो । शव अहिले पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वरमा राखिएको छ ।



प्रहरीका अनुसार शिवशंकर बिहीबार दिउँसो श्रीमती सिर्जनासँगै १० महिने छोर ासहित ससुराली घर बर्दिबास नगरपालिका-५ पशुपतिनगर बन्द्र जान भनी निस्केका थिए । तर उनी ससुराली पुगे/नपुगेको प्रहरीले केही खुलाएको छैन ।

कुनै रिसिईबीका कारण हत्या भएको हुनसक्ने आशंकामा प्रहरीले अनुसन्धान अघि बढाएको छ । अर्कोतर्फ भने हत्या भएका शिवशंकर करिब डेढ महिना पहिला मात्रै मुम्बईबाट धनुषा आएका थिए । कुनै प्रेमसम्बन्धमा रहेका कारण उक्त समूहले हत्या गरेको हुनसक्ने भन्दै अनुसन्धान अघि बढाइएको छ ।

मृतकका भाइ राम महतोका अनुसार घरबाट एउटा मोटरसाइकलमा दाइ शिवशंकर, भाउजू र १० महिने छोरासहित महेन्द्रनगरसम्म पुगेका थिए । त्यहाँबाट सिर्जनाले माइतबाट दुईवटा मोटरसाइकल बोलाएर एउटामा १० महिने छोर ासहित सिर्जना र अर्कोमा शिवशंकर चढेको भाइ रामको भनाइ छ ।

शिवशंकरलाई मोटरसाइकलमा लैजाने व्यक्तिको समेत पहिचान भइसकेको जयसवारले बताए । शिवशंकरको परिवारका अनुसार केही दिन अघि ससुरालीमा विवाद हुँदा शिवशंकरमाथि कुटपिट भएको थियो । विवादपछि श्रीमती र बच्चासहित घर फर्किंदा शिवशंकर पुनः ससुराली जान मानेका थिएनन् । उनलाई सिर्जनाले नाना (हजुरबुबा) को मृत्यु भयो भनेर ससुराली जान बाध्य बनाएको भाइ रामको भनाइ छ ।

## सुटमालामा कलाकारदेखि, नेतादेखि, पत्रकारसम्मको रुचि

**विनोद कार्की**

काठमाडौं- पछिल्लो समय, नेपाली समाजमा सुटमालाको प्रभाव बढ्दो छ । विशेष गरेर कलाकार, नेता, पत्रकार र विभिन्न पेशामा कार्यरत व्यक्तिहरूको लागि यो एउटा प्रमुख आकर्षणको केन्द्र बन्न गएको छ । सस्तो मूल्यमा उच्च गुणस्तरको सुट सिलाउने उत्कृष्ट सेवा प्रदान गर्ने सुटमालाले नेपाली समाजमा महत्वपूर्ण स्थान बनाउन सफल भएको छ । यसको प्रभावका कारण, प्रत्येक दिन नयाँ ग्राहक यसको सेवामा आकर्षित भइरहेका छन् ।

**सस्तो मूल्य र उच्च गुणस्तरको संगम सुटमाला**

सुटमालाले नेपाली बजारमा सस्तो मूल्यमा उच्च गुणस्तरको सुट उपलब्ध गराउँदै आएको छ । काठमाडौको बाघबजारमा अवस्थित यस कम्पनीले यसको प्रतिस्पर्धात्मक मूल्य र उत्कृष्ट सेवाका कारण विशेष ध्यान खिचेको छ । यहाँ पुरुषहरूको व्यावसायिक र औपचारिक सुटदेखि विभिन्न सांस्कृतिक र खास अवसरका लागि डिजाइन गरिएका सुटहरू उपलब्ध छन्, जसले विभिन्न वर्गका व्यक्तिहरूलाई आकर्षित गरेको छ । यसको एक प्रमुख विशेषता भनेको सुटको निर्माणमा नयां ट्रेन्ड र आधुनिक डिजाइनको समावेशीकरण हो, जसले यसलाई अन्य प्रतिस्पर्धीहरू भन्दा फरक र आकर्षक बनाएको छ ।




**सुटमालाको सफलता र व्यवस्थापन**

सुटमालाको संस्थापक राज कार्की, जो शिक्षण पेसामा संलग्न थिए, आफ्नो व्यवसायिक यात्रा सुरु गर्दा नेपाली समाजमा सस्तो मूल्यमा गुणस्तरीय सुटको आवश्यकता महसुस गरे । त्यसपछि उनले सुटमालाको स्थापना गरे, जुन आज नेपाली बजारमा एक प्रमुख नामको रूपमा स्थापित भएको छ । उनका प्रयासले नेपाली समाजलाई सुट सिलाउने र यसको महत्वलाई बुझ्न सिकाएको छ । उनले स्थापित गरेको यो व्यवसाय, काठमाडौँका विभिन्न पेशेवर व्यक्तिहरूको लागि एक प्रमुख गन्तव्य बनिसकेको छ ।

**सुटमाला विभिन्न वर्गका व्यक्तिहरूको रुचि र आकर्षण**

सुटमालाको सेवाले नेपाली समाजका सबै वर्गका व्यक्तिहरूलाई आकर्षित गरेको छ । यहाँ न केवल उच्च वर्गका व्यक्तिहरू, मध्यम वर्गका पनि ग्राहकहरूको एक ठूलो समुदाय उपस्थित छ । यस व्यवसायले प्रत्येक ग्राहकको आवश्यकताअनुसार व्यक्तिगत ध्यान दिन्छ र त्यसलाई हरसम्भव आरामदायक र किफायती बनाउँछ । कलाकारहरू, पत्रकारहरू, राजनीतिज्ञहरू र व्यवसायीहरूले यहाँका सेवामा विश्वास राखेका छन् र सुट सिलाउनका लागि यो स्थानलाई प्राथमिकता दिएका छन् ।

**सुटमालाको भविष्य र यसको विकास**

आगामी दिनहरूमा पनि सुटमालाको सेवाले नेपाली समाजमा अझ बढी विस्तार गर्ने आशा छ । यसको उत्कृष्ट सेवाहरू, उच्च गुणस्तर र किफायती मूल्यका कारण, यो व्यवसाय अझै सफलतापूर्वक बजारमा आफ्नो स्थान कायम राख्ने सम्भावना राख्दछ । यसका प्रभावले नेपाली समाजमा पोशाकको महत्त्व र यसको डिजाइनको क्षेत्रलाई प्रगति गर्दै जान्छ ।

सुटमालाले नेपाली समाजमा सस्तो मूल्य र उत्कृष्ट गुणस्तरको सुट उपलब्ध गराएर ठूलो प्रतिस्पर्धा सिर्जना गरेको छ । यसका सेवाले मानिसहरूको विश्वास जित्न सफल भएको छ र विभिन्न पेशाका व्यक्तिहरूले यसको सेवा लिन रुचि राखेका छन् ।

## प्युठानमा सडक खन्दा कुलो बन्द, पानी अभावले किसान मर्कामा

प्युठान- प्युठान खैराका भोजबहादुर बस्नेतले ४२ रोपनी जग्गामा माछा पालन गरेका छन् । खैरादेखि सारिवाङ जोड्ने बाटो खन्ने क्रममा कुलो पुरिएर पानी आपूर्ति बन्द भएपछि पोखरी सुके ।

झिमरुक मत्स्य पालन तथा एकीकृत कृषि फर्म सञ्चालक बस्नेत भन्छन्, 'यो भुरा स्टकिङ गर्ने समय हो । यही बेला पोखरी सुकेर करिब सात क्विन्टल माछाहरु मरिसके ।'

खैराकै हिमाल पोखरेलले स्वर्गद्वारी उन्नत पशुपालन फर्म दर्ता गरेर गाईं-भैंसी पालेका छन् । गाई-भैंसीलाई खुवाउन करिब एक बिघा जग्गामा उन्नत जातका बर्सिम र जै घाँस खेती गरेका छन् । कुलोमा पानी नआएपछि सिँचाइ गर्न नपाएर घाँस सुकेको उनी बताउँछन् ।

'ती घाँसलाई १५-१५ दिनमा सिँचाइ गर्नपर्छ । तर कुलोमा पानी नआएपछि सिँचाइ गर्न नपाएर अहिले घाँस पूरै सुक्यो,' पोखरेल भन्छन्, 'पहिले दैनिक ३०-३५ लिटर दूध डेरीमा लगेर बेच्थ्यौं, अहिले १०-१५ लिटर लस भएको छ ।'

उनका छिमेकी कृष्णबहादुर जीसी भने गहुँमा सिँचाइ गर्न नपाएर समस्यामा परेका छन् । 'दोस्रो गहुँबाली सिँचाइ गर्न नपाएपछि पसाउनै नसकेर सुक्यो,' जीसीले भने ।

खैराको फाँट प्युठानको अन्न भण्डार मानिन्छ । त्यहाँ झिमरुक खोलाको पानी कुलोमार्फत् सिँचाइ सुविधा पुऱ्याइएको छ ।

कुलोभन्दा माथितिरबाट खैर ा-सारिवाङ जोड्न सडकको नयाँ ट्र्याक खोलिएको छ । सडक निर्माण व्यवस्थापन समितिका अध्यक्ष जगत पोखरेलका अनुसार करिब १४ वर्ष अघिदेखि बाटो निर्माण योजनाका लागि पहल गरेर चालु आर्थिक वर्षमा बल्ल बाटो निर्माण सुरु गरिएको हो ।

तर बाटो खन्ने क्रममा कुलो बन्द हुँदा स्थानीय किसान मर्कामा परेका हुन् । पानीको बहाव खुलाइदिन आग्रह गर्दै बाटो निर्माण गर्ने ठेकेदार, कुलोको उपभोक्ता समिति, सडक डिभिजन कार्यालय र जिल्ला प्रशासन कार्यालयको समेत ध्यानाकर्षण गराउँदा पनि समस्या समाधान नभएको उनीहरूको भनाइ छ ।



माछापालक किसान भोजबहादुर बस्नेत भन्छन्, 'सीडीओ साब आफैं मेरो पोखरीमा आउनु भयो, माछा मरेको देख्नुभयो, बाटो खन्ने अप्रेटरलाई पनि भन्नुभयो, तर कुलोमा पानी चलेन ।'

बस्नेतले झिमरुक मत्स्य पालन तथा एकीकृत कृषि फर्म सञ्चालन गरेका छन् । यो प्युठानको सबैभन्दा ठूलो माछा फार्म हो । उनले भाडामा लिएको ५६ रोपनी जग्गामध्ये ४२ रोपनीमा माछा पोखरी बनाएका छन् । बाँकी जग्गामा गाई, भैंसी र बंगुर पालन गरेका छन् ।

'अहिले माछाका भुरा स्टकिङ गर्ने समय हो । यही बेला पानी नहुँदा चार वटा पोखरी सुके, केही पोखरीमा पानीको सतह घटेको छ,' बस्नेत भन्छन्, 'इनारको पानी मोटरले तानेर दुईवटा पोखरीमा हालेर केही माछालाई भने बचाउन सकेको छु ।'

अझै केही दिन पानी आपूर्ति बन्द भए एउटा पनि माछा नजोगिने उनी बताउँछन् ।

पानी सुक्न थालेपछि एउटा पोखरीबाट अर्को पोखरीमा सार्ने काम पनि गरियो तर माछाको घनत्व बढी भयो, अक्सिजन कम भयो अनि मर्न थाले,' उनी भन्छन्, 'जेनतेन एरियसन (मेसिन प्रयोग गरेर पानीमा अक्सिजन मिलाउने काम) गरेर केहीलाई बचाइएको छ ।'

बस्नेत बुटवल पावर कम्पनीमा पब्लिक रिलेसन अफिसरको पदमा जागिरे थिए । त्यतिबेला स्थानीयले समूह बनाएर माछापालन व्यवसाय गरेका थिए । समूहले चलाउन नसकेर डुबेपछि बस्नेतले जागिर छोडेर माछा पालन व्यवसाय आफ्नो स्वामित्वमा लिएका थिए ।

'सबै स्वामित्व मैले एकल रुपमा लिएर ऋण तिर्ने, जग्गा भाडाको बक्यौता तिर्ने लगायतका काम गरेँ । तर गत असोज महिनामा आएको ठूलो वर्षाले पाँचवटा पोखरी फुटेर क्षति पुग्यो । अहिले फेरि पानी सुकेर ठूलो घाटा भयो,' बस्नेत भन्छन्, 'जग्गाको भाडा मात्रै वार्षिक चार लाख तिर्नपर्छ । अब कसरी पो पुऱ्याउने हो ।'

कसैले सुनेन किसानको गुनासो

वडा कार्यालयले बाटो बनाउने क्रममा एक महिना कुलो बन्द हुने भनेर गत पुस महिनामा सूचना जारी गरेको थियो । तर त्यतिबेला काम सुरु भएन । अहिले ठेकेदारले लापरबाहीपूर्ण रूपले काम गर्दा समस्या भएको स्थानीयको गुनासो छ ।

स्थानीय हिमाल पोखरेल भन्छन्, 'बाटो कटिङको काम सकिइसक्यो । कुलोमा खसेको माटो सोरिदेउ न भन्दा ठेकेदारले मान्दैन । सबैसँग गुहार मागिसकियो तर हाम्रो कुरा सुनिएन । जताबाट पनि मर्कामा पर्ने हामी किसान त हो नि ।'

बाटो बनाउने ठेक्का इन्सिका कन्ट्रक्सन प्रालिले पाएको छ । सडक डिभिजन कार्यालय र ठेकेदार कम्पनीबीच २०८२ जेठ मसान्त भित्र काम सम्पन्न गर्ने सम्झौता भएको छ । प्रालिका सञ्चालक चिन्तबहादुर केसी चैत मसान्तभित्रै कुलोबाट पानी आपूर्तिको प्रयास गर्ने बताउँछन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३१, २०८१ साल चैत्र १२ गते मंगलबार (MAR 25, 2025)

# वीरेन्द्र सम्झिँदै प्रचण्डले भने- ज्ञानेन्द्रको बुद्धि छैन, सफल हुँदैनन्



काठमाडौं- नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पूर्वराजा वीरेन्द्रलाई ' लोकतान्त्रिक' र ज्ञानेन्द्र शाहलाई 'बुद्धि नभएको' भनेर टिप्पणी गरेका छन् ।

वीरेन्द्रप्रति सिंगो माओवादी आन्दोलन र आफ्नो पनि सकारात्मक धारणा बनेको बताउँदै प्रचण्डले भनेका छन्, 'वीरेन्द्रले केही न केही डेमोक्रेटिक ढंगले सोच्छन् भन्ने खालको बुझाइ बनेको थियो ।'

तर ज्ञानेन्द्रले निरंकुश राजतन्त्र फर्काउन ८६ वर्षे वयोवृद्ध नवराज सुवेदीलाई आन्दोलनको नेतृत्व गर्न भनेर दुःख दिएको प्रचण्डले बताए ।

हिमालय टेलिभिजनको अन्तर्वार्तामा प्रचण्डले भनेका छन्, 'ज्ञानेन्द्रको बुद्धि के छ भने नवराज सुवेदी खोजेर, विचरा त्यो ८६ वर्षको बुढालाई दुःख दिने गरी ल्याउने । यसबाट हाम्रो ज्ञानेन्द्र जीको बुद्धि के छ भन्ने देखियो ।'

८६ वर्षीय सुवेदी राजसंस्था पुनर्स्थापनाका लागि गठन गरिएको संयुक्त जनआन्दोलन समितिका संयोजक हुन् ।

विगतमा ज्ञानेन्द्र शाहले दलहरुलाई दबाउन तुलसी गिरी र कीर्तिनिधि विष्ट रोजेको र अहिले सुवेदीलाई खोजेको प्रचण्डले टिप्पणी गरे । तर वीरेन्द्रमा केही न केही लोकतान्त्रिक भावना पाएको उनले बताएका छन् ।

**वीरेन्द्रसँग छलफलको प्रयास**

प्रचण्डले युद्धकालमा तत्कालीन राजा वीरेन्द्रसँग छलफलका लागि प्रयास गरेको स्मरण समेत गरेका छन् । त्यसको प्रबन्ध मिलाउन पार्टीका नेता कृष्णध्वज खड्कालाई जिम्मा दिएको र खड्कामार्फत् वीरेन्द्रको भाइ धिरेन्द्रसँग सम्पर्क पनि गरेको प्रचण्डले बताएका छन् । त्यतिबेला धिरेन्द्रले लेखेको पत्र अहिले पनि आफूसँग सुरक्षित रहेको प्रचण्डले बताए ।

तत्कालीन राजा वीरेन्द्र र माओवादीबीच सम्पर्क स्थापित भएको थाहा पाएपछि दरबार हत्याकाण्ड भएको हुनसक्ने प्रचण्डले सुनाए ।

'वीरेन्द्रसँग एक खालको सम्वाद हुने परिस्थिति बन्दै थियो,' प्रचण्डले अन्तर्वार्तामा भनेका छन्, 'जब रोल्पाको होलेरी घटना भयो, हाम्रा जनमुक्ति सेनाका कमाण्डर र त्यहाँ गएका त्यतिबेलाका शाही सेनाका कमाण्डरबीचमा वार्ता पनि भयो । सायद देशभित्रका सबभन्दा प्रतिगामी, निरंकुश, तानाशाही प्रवृत्तिका मान्छे र हुनसक्छ देश बाहिरका प्रतिक्रियावादीलाई पनि वीरेन्द्रलाई ज्युँदो राख्यो भने त यसले माओवादीलाई पो प्रमोट गर्नेभयो भन्ने पर्‍यो कि ! मलाई त्यो चाहिँ लागिराख्छ ।'

२०५८ जेठ १९ गते राति नारायणहिटी दरबारभित्रै गोली चल्दा वीरेन्द्रको वंश नास भएको थियो । त्यतिबेला तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, राजकुमार निराजन, राजकुमारी श्रुति, अधिराजकुमार धिरेन्द्र लगायतको हत्या भएको थियो ।

त्यसपछि जेठ २२ गते ज्ञानेन्द्र शाह राजा बनेका थिए । राजनीतिमा सक्रिय हुने चाहनाका कारण उनले २०६१ माघ १७ गते शासन सत्ता हातमा लिएको घोषणा गरे । कांग्रेस, एमाले लगायतका दलका शीर्ष नेताहरु पक्राउ परे ।

सो घटनापछि युद्धमा रहेको माओवादी र नेपालका अन्य सात राजनीतिक दलहरुबीच दिल्लीमा बाह्र बुँदे समझदारी भएपछि राजाको प्रत्यक्ष शासनविरुद्ध २०६२ चैत २२ देखि जनआन्दोलन सुरु भएको थियो ।

जनआन्दोलन दबाउने कोसिस गरे पनि नसकेपछि ज्ञानेन्द्र शाहले २०६३ वैशाख ११ गते नारायणहिटीबाट सम्बोधन गर्दै 'जनताको नासो जनतालाई नै फिर्ता गरेको' घोषणा गरेका थिए ।

माओवादी युद्ध र १९ दिनसम्म चलेको जनआन्दोलनको बलमा पुनर्स्थापित भएको संसदले नेपाललाई गणतान्त्रिक देश घोषणा गर्‍यो र २०४ वर्ष लामो राजतन्त्र समाप्त भयो । ज्ञानेन्द्र शाह नेपालको शाहवंशीय अन्तिम राजा बन्न पुगे ।

**ज्ञानेन्द्र सफल नहुने प्रचण्डको दाबी**

गणतान्त्रिक शासन व्यवस्थामा पनि वर्तमान राजनीतिक दल र तिनका नेताहरुप्रति जनतामा असन्तुष्टि रहेकाले त्यसको फाइदा उठाउने उद्देश्यले राजावादीहरु सक्रिय हुने प्रयासमा छन् ।

तर प्रचण्ड राजावादीहरु बीचमा फुट भएकाले उनीहरु सफल नहुने जिकिर गर्छन् । उनले भने, '१५-२० हजारको (ज्ञानेन्द्र शाहका समर्थकको) जुलुस के भएको थियो, राजावादीहरुमा अहिले कति गुट छन्, बाहिर तानातान भएको देखिएको छ ।'

राजासंस्था पुनर्स्थापनाको पक्षमा रहेकाहरुले संवैधानिक राजतन्त्रको माग गर्दै र्‍याली, जुलुस लगायतका गतिविधि गर्दै आएका छन् । तर प्रचण्डले उनीहरुको माग पूरा गर्न 'असम्भव' भएको बताए ।

'पहिलो त संविधानतः मिल्दैन यो । हामी जहाँ आइसकेका छौं, त्यहाँबाट पछाडि फर्किने हुनै सक्दैन,' प्रचण्डले भने, 'नेपालका सबै जाति, क्षेत्र, समुदाय उत्पीडित वर्गले जे अधिकार पाएका छन् त्यो खोस्नेतिर जान्छ यो, त्यो हुन सक्दैन । इम्पोसिबल ।'

अन्तराष्ट्रिय

# क्षिण कोरियाली अदालतद्वारा हानलाई कार्यबाहक राष्ट्रपतिमा पुनर्स्थापित

सोल – दक्षिण कोरियाको संवैधानिक अदालतले सोमबार प्रधानमन्त्री हान डक-सुमाथिको महाभियोग उल्ट्याउँदै कार्यवाहक राष्ट्रपतिमा पुनर्स्थापित गरेको छ । तर अदालतले राष्ट्रपति युन सुक यओलमाथिको महाभियोगबारे भने अझै फैसला गरेको छैन ।

अदालतले सोमबार गरेको फैसलाले युनको महाभियोगका विषयमा आगामी दिनमा हुने निर्णयबारे भने कुनै संकेत नगर्ने देखिन्छ । हान मार्सल ल लागू गर्ने पूर्वराष्ट्रपति युनको सहयोगी नभएकाले उनको मुद्दामा भने फरक मत आउने अपेक्षा गरिएको छ ।

तर अदालतको सोमबारको फैसलाले भने युनका कट्टर समर्थकलाई अझै पनि उत्साहित बनाउने र विपक्षीमाथि उनीहरूको राजनीतिक आक्रमण बढ्न सक्छ ।

युनले ३ डिसेम्बरमा अप्रत्यासित रूपमा मार्सल ल लागू गरेपछि संसद्ले महाभियोग पारित गरेको थियो । त्यसपछि हान कार्यवाहक राष्ट्रपति बनेका थिए । तर विपक्षी सांसदहरूसँगको राजनीतिक कलहपछि डिसेम्बरको अन्त्यमा उनीमाथि पनि महाभियोग लगाइएको थियो ।

देशका शीर्ष दुई अधिकारीहरूलाई निलम्बन गर्ने अभूतपूर्व घटनापछि दक्षिण कोरियाली राजनीतिमा चरम



विभाजन पैदा गर्‍यो । त्यसका साथै देशको कूटनीतिक र आर्थिक गतिविधिबारे पनि चिन्ता बढाएको थियो । त्यसयता उपप्रधानमन्त्री तथा अर्थमन्त्री चोई साङ-मोकले कार्यवाहक राष्ट्रपतिको रूपमा सेवा गर्दै आएका थिए ।

सोमबार संवैधानिक अदालतका ८ मध्ये ७ न्यायाधीशले हानमाथिको महाभियोग खारेज गरेका हुन् । उनीहरूले हानमाथि लगाइएका आरोप कानूनविरुद्ध नभएको, उनलाई पदबाट हटाउन आवश्यक नभएको तथा महाभियोग प्रस्ताव पारितका लागि आवश्यक गणपुरक संख्या नपुगेको जनाए । तर एक न्यायाधीशले भने हानमाथिको महाभियोगको समर्थन गरेका कोरियाली सञ्चार माध्यमहरूले जनाएका छन् ।

# इजरायली आक्रमणमा १० प्यालेस्टिनीको मृत्यु



गाजा – गाजा पट्टीका विभिन्न क्षेत्रमा भएको इजरायली आक्रमणमा परी सोमबार दस जना प्यालेस्टिनीको मृत्यु भएको छ भने अन्य केही घाइते भएको जनाइएको छ ।

खान युनूसको दक्षिणमा क्विजान रस्वान क्षेत्रमा विस्थापितहरूको शिविरमा भएको इजरायली हवाई आक्रमणमा छ जना नागरिकको मृत्यु भएको प्यालेस्टिनी चिकित्सा स्रोतले जनाएको छ ।

उक्त सहरमा भएको अर्को हवाई आक्रमणमा धेरै प्यालेस्टिनीहरू घाइते भएको तथा अल-जाना क्षेत्रस्थित एक घरको आँगनमा पार्क गरिएको गाडीमा बम विस्फोट हुँदा एक जना नागरिक घाइते भएको स्रोतले उल्लेख गरेको छ । स्रोतका अनुसार विस्थापितलाई निशाना बनाए गरेको हमलाका घाइतेहरूलाई कुवेतस्थित विशेष अस्पतालमा लगिएको थियो ।

कतार समाचार एजेन्सी (क्युएनए) का अनुसार खान युनसले आइतबार रातदेखि इजरायली धेरै घर विस्थापितको आश्रयस्थल तथा पार्क गरिएका सवारीलाई लक्षित गरी आक्रमण गरिरहेका छन् ।

गाजा पट्टीका विभिन्न सहरमा सोमबार भएको इजरायली हवाई आक्रमणमा करिब १६ जनाको मृत्यु हुनुका साथै दुई आवासीय घरहरूमा भएको आक्रमणमा चार जना नागरिकको मृत्यु भएको जनाइएको छ ।

अल-नुसिरात शरणार्थी शिविरको दक्षिणपश्चिमस्थित अल-सवारा क्षेत्रमा भएको इजरायली आक्रमणमा चार जना घाइते भएको उल्लेख गरिएको छ ।

इजरायलले जनवरी १९ देखि लागु भएको युद्धविराम सम्झौता अन्तर्गत दुई महिनाको युद्धबिरामपछि गाजा पट्टीमा आफ्नो आक्रमण पुनः सुरु गरेको छ ।

पृष्ठ १ बाट जारी

**मतदानको समय...**

दर्ताका लागि लेबी रकम पनि तोकिएको छ । अध्यक्षका लागि ३५ हजार, पदाधिकारीका लागि २५ हजार, आयोगको अध्यक्षका लागि १५ हजार र केन्द्रीय सदस्य, आयोगका पदाधिकारी र सदस्यहरूका लागि १० हजार शुल्क तोकिएको छ ।

नेकपा एमाले निकट पत्रकार हरुको संगठन प्रेस चौतारीको अध्यक्ष सर्वसम्मत रुपमा गणेश पाण्डेलाई बनाउन एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले निर्देशन दिएका छन् ।

पाण्डे वर्तमान उपाध्यक्ष हुन् । अर्का उपाध्यक्ष राजेश राई पनि अध्यक्षको दाबेदार हुन् । दुवैले उम्मेदवारी घोषणा गरिसकेका छन् ।

९औं महाधिवेशनमा राई र पाण्डे दुवै अध्यक्षको दावेदार थिए । त्यसबेला गणेश बस्नेत नै दाहोरिएपछि राई र पाण्डे उपाध्यक्ष नै बसे । १०औं महाधिवेशनअघि पाण्डेलाई एमाले केन्द्रीय प्रचार तथा प्रकाशन विभाग सचिवको जिम्मेवारी दिइएको थियो ।

पाण्डेलाई सचिवको जिम्मेवारी दिएपछि राई स्वभाविक अध्यक्षको एकल दाबेदार थिए । तर, फागुन २८ गते सचिवमा मनोनीत भएका पाण्डेले चौतारीको अध्यक्ष उठ्ने भन्दै चैत ८ गते सचिवबाट राजीनामा दिए ।

केन्द्रको निर्देशन चौतारीमा लाद्न खोजेको भन्दै प्रतिनिधिहरुले हस्ताक्षर अभियान संकलन पनि भएको छ । प्रतिनिधिहरुले निर्वाचन मार्फत नेतृत्व छान्न पाउनु पर्ने माग राखेका छन् ।

पृष्ठ १ बाट जारी

**सिराहा...**

बिभेद अन्त्य गर, नारा सहित प्रर्दशन गरेका छन् ।

दलितलाई दमनमा कहिले सम्म राख्ने दलितले के अब यो देशमा बस्नै नपाउने हो ? उनले भने सिराहा जिल्ला औरही गा.पा.-५ का दिपक मल्लिक (डोम) को परिवारलाई उठिबास लगाएपछि बिरोध प्रर्दशन कार्यक्रम गरेका हुन ।

# नेकपा एकीकृत समाजवादी रूपन्देहीको अध्यक्षमा शाह

बुटवल- नेकपा एकीकृत समाजवादी रूपन्देहीको अध्यक्षमा हिराध्वज शाह सर्वसम्मत निर्वाचित भएका छन् । बुटवलमा सम्पन्न पार्टीको १० औं जिल्ला अधिवेशनले शाहको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

उपाध्यक्षमा अविराम विश्वकर्मा, अर्का उपाध्यक्षमा मिरा श्रेष्ठ, सचिवमा टंक प्रसाद पोखेल निर्वाचित भएको निर्वाचन मण्डलका अध्यक्ष फर्सँराम घिमिरेले जानकारी दिए ।

यसैगरी उप-सचिवमा रामबहादुर बस्नेत, बाबुराम अर्याल र शारदा पहारी चयन भएका छन् ।

समावेशी सदस्यहरूसहित ६७ सदस्यीय जिल्ला समिति सर्वसम्मत निर्वाचित भएको जिल्ला इन्चार्ज पोलिटब्यूरो सदस्य नन्दलाल बन्जाडेले बताए ।

# अन्तर्राष्ट्रिय वायुसेवा पोखरा र भैरहवा छोडेर काठमाडौं केन्द्रित

काठमाडौं- एयर ट्राफिक कन्जेसनको समस्या रहेको त्रिभुवन विमानस्थलमा एउटै वायुसेवा कम्पनीले दैनिक ५ वटासम्म अन्तर्राष्ट्रिय उडान गर्ने भएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले अप्रिलबाट लागू हुने नयाँ उडान तालिका स्वीकृत गरेको छ । समर सेडुलमा पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा कुनैपनि वायुसेवा कम्पनीले व्यावसायिक उडान गर्न इच्छा नदेखाएपछि काठमाडौंमा मागेजति स्लट दिइएको क्यानले जनाएको छ ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्न हच्किए अन्तर्राष्ट्रिय वायुसेवा, 'समर सेडुल'को प्रस्ताव आएन 'पोखरा र भैरहवाबाट उडान गर्न कुनै पनि वायुसेवा इच्छुक छैनन् । हामीले टीआइएमा समरका लागि वायुसेवाले मागे बमोजिम उडान स्लट दिएका छौं,' क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भूलले भने, 'राति १२:०० बजेसम्म विमानस्थल सञ्चालन हुनेछ । सबै उडान व्यवस्थापन हुने गरी स्लट तयार गरिएको छ ।'

एयर इण्डियाले दैनिक ५ वटा उडान गर्ने अनुमति पाएको छ । भारतकै बजेट एयरलाइन्स एयर इण□डिगोलाई क्यानले दैनिक ४ वटा उडान गर्ने अनुमति दिएको छ ।

एयर अरेबिया, भुटान एयरलाइन्स र फ्लाइ दुबइले दैनिक ४ उडान गर्ने अनुमति पाएका छन् । यसैगरी कतार एयरवेज, मालिन्दो एयर, जजिरा एयरवेज, विमान बंगलादेश लगायत वायुसेवाले दैनिक ३ वटा



उडानको स्वीकृति पाएका छन् ।

साताको ४ उडान गर्दै आएको क्याथे प्यासिफिकले यो सिजनबाट साताको सातै दिन उडान गर्ने भएको छ । यसैगरी दैनिक एउटा उडान गर्दै आएको चाइना साउदर्नले दैनिक २ वटा उडानको स्वीकृति पाएको छ । विन्टरमा दुईवटा उडान गरेको कतार एयरवेजले अप्रिलबाट दैनिक ३ वटा उडान गर्ने भएको छ ।

एयर इण्डिया एक्सप्रेस र स्पाइस जेटले पनि उडान गर्ने अप्रिलबाट एयर इण्डिया एक्सप्रेस र स्पाइस जेटले पनि काठमाडौंमा व्यावसायिक उडान गर्ने भएका छन् । भूलका अनुसार स्पाइस जेटले साताको सातै दिन उडान गर्ने अनुमति पाएको छ । एयर इण्डिया एक्सप्रेसको भने स्लट निश्चित हुन बाँकी छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले गर्मीको समयमा बिहानै देखि मौसम सफा रहने भएका कारण उडान स्लट बढाएको बताए ।

'हामीले सबै अध्ययन गरेर उडान स्लट व्यवस्थापन गरेका छौं,' उनले भने ।

# कलाकारितामा संघर्ष गर्दै अनिस बाशा : एक संघर्षपूर्ण यात्रा



काठमाडौं- कलाकारिता क्षेत्र एक यस्तो यात्रा हो जहाँ थुप्रै व्यक्तिहरूको सपना र संघर्ष मिश्रित हुन्छ । धेरैलाई आफ्नो नाम र दाम कमाउने सपना हुन्छ, र केहीका लागि त्यो सपना साकार हुन्छ भने केहीका लागि भने त्यो सपना अधुरो नै रहन्छ । यसै सन्दर्भमा, धादिङ जिल्लामा जन्मेका नव गायक अनिस बाशाको यात्रा पनि संघर्ष र प्रयासले भरिपूर्ण छ । उनले लामो समयदेखि गीत संगीतमा आफ्नो भविष्य खोज्दै आएका छन् र त्यसको साथसाथै अभिनय पनि गरेका छन् ।

अनिस बाशाको संगीत र अभिनयको यात्रा एकदमै रोचक छ । उनका मिठा र सुरीला स्वरले संगीत प्रेमीहरूलाई लोभ्याउँछन् भने उनको अभिनय क्षमता पनि प्रशंसा योग्य छ । उनी संगीत र अभिनयको दुनियाँमा आफ्नो स्थान बनाउने प्रयासमा जुटेका छन् । यद्यपि, उनले अझै आफ्नो वास्तविक पहिचान बनाउन संघर्ष गरिरहेका छन्, तर उनको साहस र समर्पणले उनलाई अघि बढ्न प्रेरित गरिरहेको छ ।

धादिङ जिल्लाको ज्वालामुखी ७ चौनपुरमा जन्मिएका अनिस बाशा एक साधारण परिवारबाट आएका हुन् । उनका पिता सानु काजी घिमिरे र माता पिन कुमारी घिमिरेका कोखबाट जन्मेका अनिसको जीवन भने सदैव सामान्य थिएन । उनी संगीत र अभिनयको क्षेत्रमा भविष्य बनाउनको लागि कडा संघर्ष गर्दै आएका छन् ।

अनिस बाशाको यो संघर्षपूर्ण यात्रा धेरै कलाकारका लागि प्रेरणादायक बन्न सक्छ । एक समयको कुरा हो, जब उनी स्थानीय स्तरमा विभिन्न सांगीतिक कार्यक्रममा भाग लिएका थिए र आफ्नो आवाज र अभिनयको कौशललाई हाइलाइट गर्ने प्रयास गरिरहेका थिए । अहिले, उनले केही नेपाली चलचित्र र गीतमा अभिनय र गायन गरेका छन् र यसले उनलाई अझै थप प्रगति गर्ने उत्साह दिएको छ ।

उनको संगीत यात्रा यति सरल थिएन । अनिसको आवाजले थुप्रै कलाकारको क्यारिकेचर गर्ने क्षमता राख्दछ र उनले संगीतका विभिन्न शैलीहरूमा आफ्नो उपस्थितिलाई महसुस गराएका छन् । यद्यपि, संगीत र अभिनयको क्षेत्रमा आफ्नो भविष्यको मार्ग तय गर्न उनले थुप्रै चुनौतीहरूको सामना गर्नु परेको छ ।

आजकल, अनिस बाशा नेपाली संगीत र चलचित्र क्षेत्रमा आफ्नो स्थान बनाउन संघर्ष गर्दैछन् । उनका अनगिन्ती प्रयास र कडा मेहनतले उनलाई एक दिन सफल बनाउन सक्ने विश्वास रहेको छ । उनको जीवनको यो संघर्ष र यात्रा, विशेषगरी त्यस्ता कलाकारहरूको लागि प्रेरणा हो, जसले संघर्षका बीच आफूलाई पहिचान बनाउनको लागि निरन्तर प्रयास गर्दैछन् ।

अनिस बाशाको संघर्ष र सफलतासँगै, नेपाली सिनेमा र संगीतको भविष्यमा अझ नयाँ संभावनाहरू छन् । उनका आगामी परियोजनाहरू र योजनाहरूको बारेमा चासो र उत्सुकता थप बढ्दै गएको छ, र उनकासँग कलाकारिता क्षेत्रमा अझ ठूलो योगदान दिने आशा गरिएको छ ।

यसैगरी, अनिस बाशा आफ्नो यात्रा जारी राख्दै नेपाली कला र सांस्कृतिक क्षेत्रमा योगदान पुर्याउन निरन्तर अग्रसर छन् ।

# नेपाली फिल्म गर्नेबारे के भन्छिन् मनिषा ?



अभिनेत्री मनिषा कोइराला नेपाली फिल्मबाट अभिनय करिअर सुरु गरेर पछि बलिउडमा स्थापित भएकी हुन् । एक सयभन्दा बढी बलिउड फिल्ममा काम गरिसकेकी उनले नेपाली फिल्म भने 'फेरि भेटौंला' र 'धर्मा' मात्र गरेकी छन् । सन् २०१० मा प्रदर्शन भएको 'धर्मा'पछि पनि उनलाई थुप्रै नेपाली फिल्मबाट प्रस्ताव पुगेको थियो । तर, अहिलेसम्म उनको पुनरागमन हुन सकेको छैन ।

शनिबार 'नेपाल इन्टरनेशनल फिल्म फेस्टिभल'मा वक्ताको रुपमा उपस्थित भएकी मनिषाले नेपाली फिल्ममा फेरि काम गर्ने इच्छा रहेको बताइन् । उनले भनिन्, 'राम्रो रोल र राम्रो फिल्म आयो भने नेपाली फिल्म नगर्ने भन्ने कुरै छैन । म नेपाली फिल्ममेकरलाई अनुरोध पनि गर्न चाहन्छु कि मलाई एउटा असाधारण रोल दिनुहोस्, म अवश्य गर्छु । मलाई नेपाली फिल्म असाध्धै गर्ने इच्छा छ ।'

उनले पछिल्लो समय व्यावसायिक र कलात्मक दुवै खालका नेपाली फिल्मले पाइरहेको सफलताले खुसी लागेको बताएकी छन् । उनी भन्छिन्, 'म यो कुराले खुसी छु कि अहिले कलात्मक फिल्मले हामीलाई अन्तर्राष्ट्रिय फेस्टिभलमा उभ्याउन सफल भएको छ भने व्यावसायिक फिल्मले नयाँ कीर्तिमान बनाइरहेको छ ।' उनले नेपाली फिल्मकर्मीहरूलाई आफ्नै कथा भन्न आग्रह गरेकी छन् ।

पारिवारिक रुपमा कांग्रेस पृष्ठभूमिकी मनिषा पछिल्लो समय राजावादी गतिविधिमा संलग्न भैरहेकी छन् । अघिल्लो चुनावमा उनी राजावादी पार्टी राप्रपाका उम्मेदवारलाई जिताउन घरदैलो अभियानमा समेत हिँडेकी थिइन् । यसैले उनी ढिलो चाँडो राप्रपाबाटै राजनीतिमा आउन सक्ने अड्कलबाजी भैरहेको छ । तर, उनले अहिलेसम्म राजनीतिमा आउनेबारे केही नसोचेको बताएकी छन् ।

'क्रियटिभ मान्छे राजनीतिमा खासै सफल भएका छैनन् । र, पोलिटिक्समा लागेर मात्र परिवर्तन आउँछ भन्ने छैन । पोलिटिक्सभन्दा बाहिर बसेर पनि धेरै काम गर्न सकिन्छ,' मनिषाले फेस्टिभलको 'सिनेमा संवाद' सेक्सनमा भनिन्, 'फिल्म आफैंमा 'सफ्ट पावर' हो । हामीले फिल्मबाट राम्रो-राम्रो विषय उठाउन सक्यौं भने त्यो पनि प्रभावकारी हुन्छ । राजनीतिमा आउनेबारेमा भने सोचेको छैन ।'

# "कर्मा"ले शिक्षा बाड्दैन, मनोरञ्जन दिन्छ : सौरभ चौधरी






गत वर्ष प्रदर्शन भएको फिल्म 'अगस्त्य'बाट चर्चामा आएका निर्देशक हुन्, सौरभ चौधरी । यो फिल्मले उनलाई एक्सनमा सम्भावना बोकेको निर्देशकको रुपमा चिनायो । अब उनी निर्देशित तेस्रो फिल्म 'कर्मा' यही चैत २९ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ । उनको यो फिल्म पनि एक्सन प्रधान हो । यसमा उनले अभिनेता विपिन कार्कीलाई पहिलो पटक एक्सन भूमिकामा उतारेका छन् ।

धेरैलाई सौरभले एक्सन भूमिकामा विपिनलाई नै किन लिए भन्ने कौतुहलता पनि छ । यसबारेमा उनी भन्छन्, 'फिल्ममा एक्सन मात्र गर्नंपर्ने सिन धेरैमा २/४ वटा हुन्छ । त्योबाहेक त सिन ' क्यारी' गर्नंपर्छ । यसैले सिन 'क्यारी' गर्न सक्ने कलाकार चाहिएकाले विपिन कार्कीलाई रोजेको हुँ ।' एक्सनका लागि विपिनले निकै मेहनत गरेकाले दर्शकलाई कहीँ पनि अस्वभाविक नलाग्ने उनी बताउँछन् ।

'एक्सन सिनका लागि विपिन दाईले धेरै नै मेहनत गर्नंभएको छ । उहाँलाई 'एक्सन हिरो' देखाउने हामीले प्रयास गरेका छौं । र, त्यो चिज स्क्रिनमा पनि देखिएको छ । विपिन कार्कीले गरेको एक्सन भएन भन्ने चाहिँ छैन । उहाँले भयंकरै मेहनत गर्नंभएको छ,' उनी विपिनको तारिफ गर्दै अगाडि भन्छन्, 'मैले अहिलेसम्म काम गरेका कलाकारहरुमध्ये सबैभन्दा अनुशासित पनि उहाँलाई नै पाएँ ।'

सौरभ 'कर्मा'का हरेक सिन आफैंमा एक्सन रहेको दाबी गर्छन् । भन्छन्, 'यो फिल्ममा 'ग्राउन्ड लेभल'को मान्छेको कथा छ, जसको जीवनमा समाज र सिस्टमका कारण के-के परिवर्तन आउँछ र उसले केसम्म भोग्नुपर्छ भन्ने देखाएका छौं । फिल्मको सबै सिनहरू नै एक्सन छन् । एकछिन लभस्टोरी चल्यो अनि लगत्तै एक्सन आयो भन्ने खालको छैन । हरेक सिनहरूले एक्सन महसुस गराउँछ ।'

उनको बुझाइमा फिल्म भनेको मनोरञ्जन हो । यसैले 'कर्मा' मनोरञ्जनका लागि बनाएको उनको भनाइ छ । 'फिल्म मानिसको दोस्रो प्राथमिकता हो । पहिलो प्राथमिकता गाँस, बास र कपास हो । दोस्रो प्राथमिकतामा मनोरञ्जन पर्छ,' उनी भन्छन्, 'मैले यसबाट कुनै शिक्षा वा ज्ञान बाँड्न खोजेको छैन । फिल्म भनेको मनोरञ्जनका लागि हेर्ने हो । र, मैले 'कर्मा' पनि मनोरञ्जनकै लागि बनाएको हुँ ।'

उनका अनुसार 'कर्मा' एउटा वास्तविक घटनाबाट प्रभावित फिल्म हो । तर, त्यसमा 'सिनेम्याटिक लिबर्टी' लिइएको उनी बताउँछन् । भन्छन्, 'एकजना व्यक्तिको जीवनबाट प्रभावित भएर फिल्म बनेको हो । त्यसमा 'सिनेम्याटिक लिबट्री' भने लिएका छौं । उहाँको जीवनका घटनाले मलाई उत्साहित बनाएको थियो ।' 'कर्मा' सस्पेन्स, ड्रामा, लभ र एक्सनको पूर्ण प्याकेज रहेको उनको दाबी छ ।

# प्रेमिल गीत 'संसार सारा' सार्वजनिक



काठमाडौं- दिनेश भुजेल र रोजिना बस्नेतको स्वरमा "संसार सारा" बोलको गीत युट्युबमा सार्वजनिक भएको छ ।

यो प्रेमिल गीतको शब्द प्रमोद भण्डारीका हुन् । नवीन कार्कीको कम्पोज रहेको गीतमा विशाल निरौलाको एरेन्ज छ ।

भिडिओमा गायक दिनेश स्वयंका साथमा सुष्मा श्रेष्ठ प्रस्तुत छन् । गीतमा एक-अर्काप्रतिको प्रेम र समर्पणका कुरा गरिएको छ ।

भिडिओको कोरियोग्राफर तथा निर्देशक विक्रम चौहान हुन् । प्रकाश खड्काको टीमको छायांकन रहेको भिडिओ लक्ष्मण चौहानले सम्पादन गरेका हुन् ।

# "महाभोज"का लागि निश्चलले गाए गीत



निश्चल बस्नेतलाई निर्देशकको रुपमा मात्र चिन्दा अन्याय हुनसक्छ । उनको परिचयको दायरा फराकिलो छ । उनी अभिनेता र गायक पनि हुन् । उनले आठ वर्षअघि गाएको 'काले दाई' गीत अझै पनि चर्चित छ । एकपटक फेरि उनको आवाजमा गीत सुन्न पाइने भएको छ । आगामी जेठ १५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'महाभोज'का लागि उनले गीत रेकर्ड गराएका छन् ।

आइतबार काठमाडौंको स्टुडियो फिलमा उनले 'लालुमै' शीर्षकको गीत रेकर्ड गरेका हुन्, जसमा हर्क साउदको शब्द रचना तथा केतन क्षेत्रीको सङ्गीत रहेको छ । निश्चलले गाएको गीत फिल्ममा कथावाचनको रुपमा रहने जनाइएको छ ।

फिल्मका निर्देशक दिनेश राउतले उक्त गीतका लागि निश्चलको आवाज नै उपयुक्त भएका कारण उनलाई रोजिएको बताए । उनले भने, 'आठ वर्षअघि मैले 'पर्व'को 'काले दाई' गीत निश्चललाई गाउन लगाउँदा एक अलग अनुभूति आएको थियो । अहिले 'लालुमै'मा पनि फरक भोकल टोन आवश्यक परेकाले निश्चललाई नै लिएको हुँ ।'

विकास सुवेदीको लेखन रहेको फिल्ममा आर्यन सिग्देल, दयाहाङ राई, खगेन्द्र लामिछाने, अञ्जना बराइली, गौमाया गुरुङ, मलिका महत, वसुन्धरा भुसाल, मोहन निरौला, बुद्धि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ लगायतको अभिनय छ । क्लक वर्क क्रियशन र पिक्चर फ्रेमको निर्माणमा तयार भएको फिल्मका निर्माता हिमाल कडरिया हुन् । यसमा राजेश श्रेष्ठको छायांकन छ ।

# सलमानको "सिकन्दर" ट्रेलरमा के छ ?

इदको छेको पारेर आगामी आइतबार (३० मार्च)बाट प्रदर्शनको तयारीमा रहेको बलिउड सुपरस्टार सलमान खान अभिनीत फिल्म 'सिकन्दर'को ट्रेलर सार्वजनिक गरिएको छ । एक्सन, लभ, रोमान्स, थ्रिल र कमेडीको मिश्रण रहेको साढे तीन मिनेट लामो ट्रेलरमा सलमानलाई गरिबको मसिहाको रुपमा प्रस्तुत गरिएको छ । उनलाई महाराष्ट्र प्रहरीले 'वान्डेड' सूचीमा राखेको पनि देख्न सकिन्छ ।

ट्रेलरको अन्त्यतिर जब अभिनेत्री रश्मिका मन्दाना सलमानप्रति प्रेमभाव दर्शाउँदै 'शायद फिर इस जनम में मुलाकात हो न हो' गीत गाउँछिन्, त्यसपछि ट्रेलरमा 'इन्टेन्सिटी' बढेको छ । यसबाट के अनुमान लगाउन सकिन्छ भने सलमानको पात्र (सञ्जय राजकोट) आफ्नो लेडी लभमाथि भएको कुनै नराम्रो घटनापछि बदला लिन उत्रिएको छ । ट्रेलरको अन्तिम एक्सन सिक्वेन्स सशक्त देखिन्छ ।

'सिकन्दर'मा सलमानको जोडी रश्मिकासँग बाँधिएको छ भने मुख्य भिलेनमा 'बाहुबली'का 'कटप्पा' अर्थात् सत्यराज छन् । प्रतीक बब्बर, काजल अग्रवाल, अन्जिनी धवन र शरमन जोशीको पनि मुख्य भूमिका रहेको फिल्मलाई 'गजनी' निर्देशक एआर मुरुदासले निर्देशन गरेका हुन् । यसमा ' किक'का निर्देशक समेत रहेका साजिद नाडियाडवालाको लगानी छ भने प्रितमको संगीत रहेको छ ।

'सिकन्दर'ले प्रदर्शन अगावै लगभग ८० प्रतिशत लगानी सुरक्षित गरिसकेको छ । प्रचारसहित २ सय करोडमा बनेको फिल्मको ओटीटी, स्याटेलाइट र म्यूजिक राइट्सबाट १६५ करोड उठाइसकेको भारतीय मिडियाले उल्लेख गरेका छन् । फिल्मले बक्स अफिसमा पनि आक्रामक व्यापार गर्ने प्रक्षेपण गरिएको छ । ओपनिङ ४० करोडमाथि हुनसक्ने ट्रेड एनालिस्टहरूको अनुमान छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ३१, २०८१ साल चैत्र १२ गते मंगलबार (MAR 25, 2025)

# प्रोटोनको इभी इ-मास सेभेन नेपाली बजारमा, सुरुवाती मूल्य ५६.९९ लाख

काठमाडौं- इभीको प्रतिष्पर्धी बजारमा मलेसियन कम्पनी प्रोटोनको पहिलो एसयुभी ई-मास सेभेन पनि आइपुगेको छ। नेपाली बजारका लागि उक्त गाडी शुक्रबार काठमाडौंमा सार्वजनिक गरिएको हो।

नेपालका लागि प्रोटोनका गाडीहरुको बिक्रेता कम्पनी जगदम्बा मोटर्सद्वारा आयोजित कार्यक्रममा नेपालका लागि मलेसियाका राजदूत मोहमद फिर्दोस अज्मनले उक्त गाडी सार्वजनिक गरे। प्रोटोनले ई-मास सेभेनलाई प्राइम र प्रिमियम गरि दुई भेरियन्टमा ल्याएको छ।

कम्पनीले यो गाडीको सुरुवाती मूल्य ५६ लाख ९९ हजार रुपैयाँ हुने र ६ प्रकारका रङमा उपलब्ध हुने घोषणा गरेको छ। कम्पनीका अनुसार यो गाडी प्रोटोनको ग्लोबल मोड्युलर आर्किटेक्चर प्लेटफार्ममा निर्मित हो। १२-इन-१ इन्टेलिजेन्ट इलेक्ट्रिक प्रोपल्सन सिस्टम रहेको गाडीमा सेल टु बडी ब्याट्री संरचना छ। यसमा नयाँ पुस्ताको एइजीएस सर्ट-ब्लेड ब्याट्री छ।



लेभल टु एडास सिस्टम, ३६० डिग्री भ्यु क्यामरा भएको यो गाडिले आसियान एनक्यापको सुरक्षा रेटिङमा ५ स्टार पाएको कम्पनीले जनाएको छ। १६० किलोवाट पावर र ३२० एनएम टर्क, शून्यदेखि १०० किमि प्रति घन्टाको गतिमा पुग्न ६.९ सेकेन्ड मात्रै लाग्ने र १०० किमिबाट रोक्न ३५ मिटर ब्रेकिङ दुरी गाडीमा विशेषता छन्।

यसको प्राइम भेरियन्टमा ४९.५२ किलोवाटको ब्याट्री छ, जसले ३४५ किमि रेन्ज दिन्छ। प्रिमियम भेरियन्टमा ६०.२२ किलोवाटको ब्याट्री छ, जसले ४१० किमिको रेन्ज दिन्छ। डीसी फास्ट चार्जिङ सपोर्टमा ३० प्रतिशतबाट ८० प्रितशत चार्ज २० मिनेटमा हुने र १० मिनेटको चार्जले १३५ किमि रेन्ज दिने क्मपनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

इन्टेरियतरतर्फ सिटहरु बेन्टिलेटेड छन्, लेग स्पेस पर्याप्त छ। गाडीमा ३३ स्टोरेज कम्पार्टमेन्ट, २५६ रङको एम्बियन्ट लाइटिङ,१५.४ इन्च र २.५ के रिजोल्युसनको टचस्क्रीन डिस्प्ले छ।

कार्यक्रममा जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ताले प्रोटोनको पहिलो एसयुभी ई-मास सेभेन नेपाली बजारमा ल्याउन पाउँदा हर्षित रहेको बताए। 'नेपाल दिगो यातायाततर्फ अघि बढिरहेका बेला हाम्रो लक्ष्य राम्रो पर्फर्मेन्स दिने र वातावरणमैत्री गाडी उपलब्ध गराउनु हो,' उनले भने, 'यसले नेपाली सवारी चालकहरुको आशा अपेक्षालाई पुरा गर्छ र सरकारको स्वच्छ ऊर्जा नीतिलाई सघाउँछ।'

जगदम्बाले आगामी आर्थिक वर्षभित्र देशभर आफ्नो डिलर विस्तार गर्ने र बलियो सर्भिस नेटवर्क स्थापना गर्ने योजना बनाएको जानकारी कार्यक्रममा दिइयो। प्रोटोनले नेपालमा विद्युतीय सवारीका लागि चार्जिङ स्टेसन पूर्वाधार विकासमा पनि लगानी गर्ने कम्पनीले जनाएको छ।

गाडी सार्वजनिक गर्ने कार्यक्रममा प्रोटोनका सीइओ डा. ली चुङरोङ प्रोनेटका सीइओ झाङ काइङ, निर्देशक लिम मेङ थङ लगायतको पनि उपस्थिति थियो।

# विभिन्न देशका रोयल इन्फिल्ड राइडर नेपाल आउँदै




काठमाडौं- विभिन्न देशका रोयल इन्फिल्ड राइडर नेपालमा भेला हुने भएका छन्। काठमाडौं लिजेन्ड्सले दोलखामा गर्न लागेको जिरी मेनियामा रोयल इन्फिल्ड राइडरहरु भेला हुन लागेका हुन्। कार्यक्रम चैत १५ देखि १७ गतेसम्म जिरीमा हुँदैछ।

कार्यक्रममा नेपालका विभिन्न जिल्लाका साथै भारत, अमेरिका, फ्रान्स, दक्षिण अफ्रिका लगायत देशका २०० भन्दा धेरै रोयल इनफिल्ड राइडरले सहभागिता जनाउने तय भएको आयोजकले जनाएको छ। राइडरहरुलाई जिरी नगरपालिका, जिरी उद्योग वाणिज्य संघ, जिरी होटेल व्यवसायी संघ लगायतले स्वागत गर्ने छन्।

राइडरहरुले जिरीका विभिन्न स्थलको भ्रमण गर्नेछन्। रोयल इनफिल्ड राइडरको भ्रमणले जिरीको पर्यटन प्रवर्धनमा सहयोग पुग्ने विश्वास आयोजकको छ।

# साँघुरो गल्ली र पार्किङ समस्याको बलियो विकल्प : लिपमोटरको 'टी-जेरो थ्री'



नेपाली बजारमा लिपमोटरको सी-टेन मोडलले उपल्लो आर्थिक हैसियत भएका उपभोक्तालाई तरङ्गित बनायो। सी-टेन मार्फत् लग्जरी र कम्फोर्टको मामिलामा हाइ-क्लासलाई लक्ष गरेको लिपमोटरले ह्याचब्याक सिटी कार टी-जेरो थ्री' मार्फत् टू ह्विलरबाट अपग्रेट हुनेको अपेक्षालाई लक्षित गरेको छ।

यसपालाको टेस्ट ड्राइभमा यही सीटी कार लिएर हामी आएका छौं। सानो र छरितो कारको प्रतीक्षा गरिरहेका बीच बलियो विकल्पका रुपमा उपस्थित भएको छ यो।

टेस्ट ड्राइभका क्रममा हामीले यो कारलाई शहरका गल्लीगल्लीमात्र कुदाएनौं, चर्कै उकालोतिर पनि लग्यौं। टर्निङ र झन्डै २५ डिग्रीभन्दा माथिका उकालोतिर यसको पर्फर्मेन्स परीक्षण गर्‍यौं। हाम्रो टेस्ट ड्राइभमा यो कार अब्बल ठहरियो। कसरी त? टेस्ट ड्राइभ मार्फत् हामीले यही प्रश्नको जवाफ समेटेका छौं। आउनुस् हामीसँगै टेस्ट ड्राइभमा।

लिपमोटरको नेपाली वेबसाइटमा टी-जेरो थ्रीको उपस्थिति हुनुअघि नै हामी टेस्ट ड्राइभमा लागेका यसबारे धेरै जिज्ञासा ड्राइभिङबाटै लियौं। सिटी कार भएकाले सुरुमा हामीले यसलाई शहरी क्षेत्रमा कुदायौं। कुनै पनि हेभी पावरको गाडीभन्दा कम पर्फर्मेन्स रहेन यसको शहरी क्षेत्रमा।

मोटरसाइकल भन्दा केहीमात्र ठूलो भएकाले टर्निङ त जहाँ पनि सजिलै गर्न सकिने। यसको बनोटले लामो यात्राका लागि होइन है भन्ने प्रष्ट् याइसेको थियो। क्युट लुक्सका कारण यस कारप्रति नजर चाहिँ धेरैको जाने रहेछ।

चार जना कम्फर्टका साथ यात्रा गर्न सकिने यो सिटी कारमा मोडुलेबल ट्रंक छ जसले ५ सय ८ लिटर क्षमताको बुट स्पेस क्रियट गर्छ। अर्थात् दुई जना यात्रुमात्र हुने हो भने पर्याप्ट लगेज अट्छ यो कारमा। अनि अनौठो चाहिँ सेफ्टीका लागि यसमा उपलब्ध फिचर देखेर लाग्यो। यो सानो कारमा ६ वटा एयर ब्याग रहेछ। सुरक्षाका लागि एडास र क्यामरा त हुने नै भइहाल्यो।

सानो सेगमेन्ट भए पनि सेफ्टीमा कम्प्रोमाइज छैन भन्ने देखाउँछ यसमा प्रयोग भएका फिचरहरुले। कम्पनीले यसलाई नारा नै दिएको छ - 'स्मल बट स्ट्रोङ'।

फ्युचरिस्टिक लुक्सको यो कारमा सनरुप पनि छ जसले यसलाई प्रिमियम महसुस गराउँछ। पोल्यान्डमा डिजाइन भएकाले यो कार युरोपेली सडकमा कुद्ने सिटी कारको झल्को दिन सफल छ।

अनि पर्फर्मेन्स? हामीले शहरी क्षेत्रमा केहीबेर कुदाएपछि यसलाई चोभारको उकालोतिर लग्यौं। यसमा ७० किलोवाट क्षमताको मोटर रहेको छ। तुलनात्मक रुपमा कम क्षमताको मोटर भए पनि चोभारबाट सिधै माथितिर ढलाने बाटोमा उकाल्दा कतै पनि संशय गर्न परेन। किनकि यसले गजबले पर्फर्म दिइरहेको थियो।

यसमा ३७.३ किलोवाट आवर क्षमताको ब्याट्री छ। सानो कार भएकाले फुल चार्जमा यसले ३९५ किलोमिटरको दुरी तय गर्न सक्छ। एक सय ६५ एमएम ग्राउन्ड क्लियरेन्स भए पनि ह्विल बेसका कारण सामान्य अफरोडमा यसलाई सजिलै कुदाउन सकिन्छ।

चोभारको उकालोपछि फेरि ओरालो अनि कीर्तिपुरको पुरानो बस्तीतिर हामीले यसको सवारी गर्‍यौं।

कीर्तिपुरको उचाईमा रहेको पुरानो बस्तीमा पुर्‍याएपछि हाम्रो ठम्याई रह्यो - साँघुरो सडक र पार्किङ भएका व्यक्तिहरुका लागि गजबको विकल्प हो यो कार। यसको मूल्य २८ लाख २९ हजार रुपैयाँ तोकिएको छ।

यो कारमा सबै सेफ्टी फिचर छन् जुन पछिल्लो समय आएका चिनिया गाडीमा उपलब्ध छन्। विन्डोज सबै वन टच छन् जुन सुविधा कतिपय ५० लाखभन्दा माथिका कारमा समेत उपलब्ध छैनन्। तीनवटा बाहिरी क्यामरा र १२ वटा राडारले यो गाडी चलाउन निक्कै सहज बनाएको छ। यसलाई प्रतिघन्टा १ सय ३० किलोमिटरको रफ्तारमा कुदाउन सकिन्छ। यो स्पिड लिमिट भनेको नेपालका कुनै पनि सडकमा पाउन कठिन छ। त्यसैले रफ्तार क्षमताको मामिलामा कुनै कम्प्रोमाइज भएको देखिन्न।

टेस्ट ड्राइभ गरिरहँदा हामीले यो सानको कारमा क्रुज पनि प्रयोग गर्‍यौं। कुनै बेला हाइइन्ड र महँगा कारमा मात्र यसखाले सुविधा उपलब्ध थियो। तर, पछिल्लो समय प्रविधिमा आएको परिवर्तनले साना कारमा पनि यसखाले फिचर थपिँदो छ। सानो भए पनि यस कारमा ती सबैखाले फिचर उपलब्ध छन् जुन पहिले ५० लाखभन्दा माथिका कारमा मात्र उपलब्ध हुन्थे। त्यसैले फिचर र फ्युचरको गजबको फ्युजन भएको छ यसमा।

यो कार कसका लागि त? आकारले नै यसको जवाफ दिन्छ। अर्थात् धेरै ट्राफिक भएका सडकमा यसलाई सबैभन्दा सहज रुपमा चलाउन सकिन्छ। घरमा राख्ने ठाउँ सानो छ भने पनि अट्न सक्छ। दुई पांग्रेबाट चार पांग्रेमा अपग्रेट हुन चाहनेका लागि बलियो विकल्प हुनसक्छ। त्यस्तै, ठूला गाडी भएकाहरुका लागि पनि सानो र छरितो दोस्रो भेहिकलका रुपमा यसको उपयोग हुनसक्छ। इन्टेरियर र यसमा प्रयोग भएका फिचरले यसलाई जो कसैको पनि कार बनाउने हैसियत भने राखेको छ।

# रेजेडआर १२५ एफआई हाइब्रिडको लागि यामाहा नेपालले सुरु गर्‍यो




काठमाडौं- नेपाल - १० चैत २०८१ - यामाहा रेजेडआर १२५ एफआई हाइब्रिडको लागि यामाहा नेपालले ७१.३३ किलोमिटर प्रतिलिटरको ARAI प्रमाणित माइलेजको साथ इन्धन दक्षतामा नयाँ बेन्चमार्क स्थापित गर्दै 'हाइएस्ट माइलेज इन नेपाल' सगर्व प्रस्तुत गरेको छ।

एड्भान्स हाइब्रिड टेक्नोलोजीका साथ निर्माण भएको रेजेडअर १२५ एफआई हाइब्रिडले पावर, दक्षता र स्मार्ट इनोभेसनको उत्तम सन्तुलन प्रदान गर्दछ, जसले यसलाई पर्फर्मेन्स र माइलेज दुवै खोज्ने राइडरहरूको लागि उपयुक्त विकल्प बनाउँछ।

रेजेडआर १२५ एफआई हाइब्रिडमा हाइब्रिड पावर असिस्ट प्रणाली रहेको छ जसले एक्सेलेरेशनको समयमा अतिरिक्त टर्क बूस्ट प्रदान गर्दै सहज एवम् शक्तिशाली सवारी सुनिश्चित गर्दछ।

साथै, यसको OBD–II cg–बोर्ड डायग्नोस्टिक्स II_ प्रणालीले निरन्तर रियल-टाइम इन्जिन हेल्थको निगरानी गर्दछ र चिन्तामुक्त सवारी अनुभवको लागि टिकाउ र विश्वसनीयता दुवै बनाउँछ।

खेलकुद र युवा संलग्नताप्रति प्रतिबद्ध यामाहा रेजेडआर १२५ एफआई हाइब्रिड आगामी नेपाल सुपर लिग सिजन ३ मा काठमाडौं रेजर्स टिमको टाइटल स्पोन्सर हो। एनएसएल सिजन १ को च्याम्पियनको रूपमा काठमाडौं रेजर्सले नेपालको फुटबल लिगमा आफूलाई एक प्रमुख शक्तिशाली टोलीको रूपमा स्थापित गरेको छ र टोलीको लागि आफ्नो अटुट समर्थन जारी राख्न पाउँदा यामाहा गर्व गर्दछ।

खाना पकाउने ग्यास प्रयोगमा सावधानी अपनाऔं।

- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं,
- ग्याँस बालेर भान्साकोठा छाडेर नजाऔं,
- ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं,
- प्रयोग मिति यकीन गरेर मात्र ग्याँस सिलिण्डर खरिद गरौं,
- ग्याँस सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं,
- आवश्यकताभन्दा बढी ग्याँस सिलिण्डर सञ्चय नगरौं,
- कुनै खराबी वा टुटफूट भए तुरुन्त मर्मत गरौं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार